जन आकाश
Jana Aakash National Weekly
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१३ , अंक- २६, २०७७ साल माघ २० गते मंगलबार (Feb 2, 2021) www.janaakash.com.np मूल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# नेपालमा असफलहरुको नै अभ्यास

*- मोहन कार्की*

काठमाडौ । नेपालमा राजनीति अस्थिरताको पाहाड चुलिदै गएको छ । यो नेकपा- नेकपा भित्रको विवाद चर्किंदै गएर पौष ५ गते नेकपा-



नेकपाका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले संसद बिघटन गर्नुपर्ने सम्मको परिस्थिति बनेर दुघटना भएपछि नेपालको राजनीतिमा गतिरोध उत्पन्न भएको छ ।

यसै अवसरमा सत्ता नपाएका तर संसदमा सिटसख्याको हिशावमा उपस्थिति जनाईरहेका पार्टीहरुले पनि आगोमा घिउ थप्ने काम गरिरहेका छन् ।

त्यो ध्यू थप्नेमा नेपाली कांग्रेस, सघिय समाजवादी पार्टी, लगायत रहेका छन् भने नेकपा-नेकपाको नमिलेको बिषय संसारै हसाउने गरी सडकमा पोखिएकै छ ।

यो नेपालमा राजनीति गतिरोध उत्पन्न गर्ने नयाँ तरिका भने होईन । यो देश र जनताको पक्षमा नारा लगाएपनि देश र जनताको पक्षमा देखिने आधार भेटिदैन । बिगतमा पनि देश र जनताको पक्षमा भन्दै पार्टीको नेतृत्व गर्ने मध्य माथि उल्लेखित पार्टीका नेताहरु नै देशको प्रधानमन्त्री भईसकेकाहरु हुन् । नेपाली कांग्रेसका सभापति सेर बहादुर देउवा ३ पटक, बाबुराम भट्टराई एक पटक, झलनाथ खनाल एकपटक, माधव कुमार नेपाल एक पटक, पुष्पकमल दाहाल ((प्रचण्ड) दुई पटक प्रधानमन्त्री भईसकेका र जो जो आन्दोलनरतमा संलग्न छन् धेरेजति बिभिन्न मन्त्रालयमा मन्त्रीको कार्यकारी पदमा पुगिसकेका ब्यात्तिहरु हुन् । उनिहरुको कार्यकालमा नेपालमा खासै गणनायोग्य काम गरेको । भेटिदैन । देखिदैन ।

त्यसैले नेपालमा अहिले भईरहेको आन्दोलनवाट प्रगति नै भएछ भने त्यो केपी शर्मा ओली बसेको प्रधानमन्त्रीको पदमा अर्को कुनै यि माथि उल्लेख गरिएका र पटक पटक प्रयोग भएका र असफल भई सकेकाहरु मध्ये एकजना प्रधानमन्त्रीको पदमा पुग्ने हुन् । अर्कोतर्फ अहिले भएका मन्त्रीका पदहरुमा रामेको ठाउमा स्यामे र कालेको ठाउमा सेते नामका ब्यात्ति परिवर्तन भई मन्त्री हुने हुन् भन्ने आम जनताको बुझाई रहेको छ ।

त्यो जनताले लगाएको आरोपमा बिश्वास गर्ने आधार पनि भेटिन्छ । नेपालमा प्रजातन्त्र स्थापना भएको ७० बर्षको अवधि, बहुदलीय ब्यवस्था स्थापना भएको ३० बर्ष, गणतन्त्र स्थापना भएको १३ बर्षको अवस्थामा जनता र देशको बाँकी ८ पृष्ठमा

# प्रचण्ड विरुद्ध अदालतमा मुद्दा दर्ता

काठमाडौं । राजनीतिक जगतमा सधैं चर्चामा आइ रहने नाम हो प्रचण्ड । राजनीतिक अस्थिरतासँगै बढेको सरगर्मील प्रचण्डको नाम झनै चर्चामा रहेको छ । पछिल्लो समय नेकपा प्रचण्ड-माधव समूहका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डविरुद्ध सर्वोच्च अदालतमा अदालतको अवहेलना मुद्दा दायर भएको छ ।



अधिवक्ता समिर हायुले सोमबार मुद्दा दायर गरेका हुन् । जसको पेसी आज मंगलबारका लागि तोकिएको छ । प्रचण्डले पटकपटक अदालत र न्यायाधीशहरूलाई लक्षित गरेर धम्कीपूर्ण अभिव्यक्ति दिएको रिट निवेदकको दाबी छ ।

सर्वोच्च अदालतमा हाल प्रधानमन्त्री केपी शर्मा ओली, पूर्वसभामुख दमननाथ ढुंगाना र पूर्व प्रधानन्यायाधीशहरू मीनबहादुर रायमाझी, अनुपराज शर्मा, कल्याण श्रेष्ठ र सुशीला कार्कीविरुद्ध पनि अदालतको अवहेलना मुद्दा विचाराधीन छ । अदालतले उनीहरूलाई सात दिनभित्र लिखित जवाफसहित आफैं उपस्थित हुन आदेश दिएको छ ।

# पूर्वराजा शाहद्वारा 'माउन्ट केटू' आरोही नेपाली टोलीलाई बधाई

काठमाडौं । पूर्व राजा ज्ञानेन्द्र शाहले हालै विश्वकै दोस्रो अग्लो हिमाल 'माउन्ट केटू' को सफलतापूर्वक आरोहण गरी कीर्तिमानी राखेको नेपाली टोलीलाई बधाई दिएका छन् ।

उहाले एक शुभकामना सन्देश जारी गर्दै सर्वाधिक चीसो मौसममा पनि साहसका साथ गरेको आरोहणको उच्च कदर गरेका छन् ।

'सर्वाधिक चीसो मौसममा पनि साहसका साथ गरेको त्यो आरोहणमा म हार्दिक बधाई एवम् सम्मानभाव प्रकट गर्दछु । त्यस्तो प्रयत्नबाट विश्वमै नेपाल र नेपालीको प्रतिष्थामा वृद्धि भएको अनुभूति मैले लिएको छु', उनले बधाई सन्देशमा भनेका छन( 'नेपाल विश्वका अनेकौं उच्चम हिमालको देश हो । अनि अनकौं साहसी आरोही र पथप्रदर्शक र प्रेरकको मुलुक हो ।' हालै १० नेपालीले माउन्ट केटू हिमालको आरोहण गरी कीर्तिमानी राखेका थिए ।

यस्तो छ प्रेस विज्ञप्ति



पूर्व श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट के टू हिमाल सफल आरोहीलाई बक्सेको बधाई

नेपाल विश्वका अनेकौं उच्चतम हिमाल रहेको देश हो । अनि अनेकौं साहसी आरोही तथा पथप्रदर्शन र प्रेरकहरुको मुलुक हो ।

त्यसैक्रममा बाँकी ८ पृष्ठमा

# कक्षा १२ को नतिजा सार्वजनिक

काठमाडौं । राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को नतिजा सार्वजनिक गरेको छ । सोमवार सम्पन्न बोर्ड बैठकको निर्णयपछि नतिजा सार्वजनिक गरिएको हो ।

नतिजा राष्ट्रिय परीक्षा बोर्ड र नेपाल टेलिकमको वेबसाइटमा हेर्न सकिने राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष प्रा.डा. चन्द्रमणि पौडेलले जानकारी दिए ।




बोर्डले यस वर्ष ४० प्रतिशत अंकका लागि मात्र परीक्षा लिएको थियो । थप ४० प्रतिशत अंक कक्षा ११ को र २० प्रतिशत अंक कक्षा १२ को आन्तरिक बाँकी ८ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# केटु हिमाल आरोही नेपालीलाई बधाई

विश्वको दोस्रो अग्लो हिमाल केटुको सफतापुर्वक आरोहण गर्न सफल नेपाली टोलीहरुले पुनः एकपटक नेपालीहरुको शिर उच्च बनाउन र देशको इतिहासमा अर्को किर्तिमान थप्न सफल हुनको साथै साहासी नेपालीहरुको परिचय दिन सफल भएका छन् । यो जतिको नेपालीहरुको गौरवको विषय अरु कमै हुन्छ ।

नेपाल देशमा राजनीतिक पार्टीका नेताहरुले देशलाई अस्थिरता बनाईराखे पनि नेपाली जनताले आफ्नो कर्तब्य भने कहिल्य भुलेका छैनन् भन्ने उदारण केटु हिमाल आरोही टोलिले गरेको सफलता पनि प्रमाण हो । देशप्रतिको अगाध माया, नेपालीहरुको कहिल्यै मर्दैन भन्ने यो आरोहीहरुको देशप्रतिको देशभक्ति भावनाले बिम्वित गर्छ ।

जाडो मौसममा केटु हिमालमा कसैले पनि चढ्न सकेका थिएनन् । निर्मल पुर्जाको नेतृत्वमा गएको १० सदसीय नेपाली टोलीले यहि माघ ३ गते अग्रेजी महिना जनवरी १६ तारिकमा पाकिस्तानमा रहेको केटु हिमालको आरोहण गरेर नयाँ किर्तिमान कायम गरेका हुन् ।

नेपाली आरोही टोलीले त्यो किर्तिमान कायय गर्ने बित्तिकै नेपालका नेपालका नेपालीहरुले जुरुक्क उठेर एउटै स्वरमा नेपाल नेपाल भनि उत्साह थपेका थिए । केटु हिमालको सफलता पुर्वक आरोहण सम्पन्न गरी माघ ६ गते नेपाल फर्केका आरोहण टोलीका सदस्यहरु निर्मल पुर्जा, मिङमा डेभिड शेर्पा, मिङमा तेन्जिङ शेर्पा, ग्याल्जेन शेर्पा, पेमाछिरी शेर्पा, दावा शेर्पा, किलु शेर्पा, मिङमा जी, दावा तेन्जिङ शेर्पा, सोना शेर्पा सवैलाई नेपालको त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलमा उर्लन नपाउदै भब्य स्वागत गर्नुका साथै बधाईमा नेपालीहरुको ओइरो लागेको थियो ।

त्यो किर्तिमानले सम्पुर्ण नेपालीको राष्ट्रिय एकतामा अर्को इंटा थपेको थियो । त्यसपछि नेपाल पर्वतारोहन संघको ब्यवस्थापनमा आरोही टोलीलाई नेपालको पर्यटकीय स्थल ठमेल घुमाई सवै नेपाली घरवाट बाहिर निस्केर आरोही टोलीलाइ हार्दिक बधाई दिनुका साथै फुल र मालाले सम्मान गरेका थिए । यो उपलब्धिले नेपालको एकतामा थप बल पुऱ्याउदै नेपालका प्रधानमन्त्रीले बालुवाटारमा र राष्ट्रपतिले राष्ट्रपति कार्यलयमा बधाई तथा राष्ट्रिय सम्मान पत्रले सम्मान गरेका थिए ।

नेपालका साहासी नेपाली किर्तिमानीहरुलाई हार्दिक बधाई ।

# श्री स्वस्थानी ब्रतारम्भ र शालीनदीको महिमा

**विश्वनाथ खरेल**

श्री स्वस्थानीको ब्रत र स्नान गर्ने विधि पौष शुक्ल पूर्णिमादेखि प्रारम्भ भई माघशुक्ल पूर्णिमाका दिनमा ब्रत पूर्ण गरिने परम्परा रहेको पाइन्छ । हाम्रो समाजमा यो धार्मिक पर्वले आ□नै किसिमको महत्व बोकेको छ । पौष पूर्णिमाको दिनदेखि स्वस्थानी ब्रत प्रारम्भ गरिन्छ । त्यसको पूर्वदिन पौषशुक्ल चतुर्दशी स्नान इत्यादि गरी पवित्र भई एक छाक फलाहार गर्ने र भोलिपल्ट पूर्णिमाका दिन प्रातः स्नान प्रारम्भ गर्नुपर्छ । प्रातः स्नानको अर्थ हो सूर्योदयभन्दा पूर्व नै स्नान गरी सक्नुपर्ने हुन्छ । पौराणिक कालदेखि नै आर्यावर्तको नेपाल खण्डमा ज्यादै प्रचलित र आस्थावान् रहेको स्कन्द पुराणअन्तर्गतको केदार खण्ड अथवा नेपाल खण्डमा उल्लिखित माघ महात्म्यमा श्री स्वस्थानी परमेश्वरीको ब्रतविधि, माघ स्नान विधि, पूजन, कथा एवं यस ब्रतलाई विधिपूर्वक पूर्ण गर्दा प्राप्त हुने फलबारेमा विस्तृत रूपले वर्णन गरिएको छ ।

हरेक वर्षमा यो ब्रत बस्ने ब्रतालुको संख्या बढ्दै गएकाले श्री स्वस्थानी ब्रतकथा र शालीनदीको महत्व दिनपर दिन बढ्दो छ । वैदिक कर्मकाण्ड अनुसार वर्तमान र परन्तुमा समेत अति फलदायी रहने, श्रेष्ठ धार्मिक अनुष्ठान आदिका कृत्यहरूमा पूजनसितै अर्पण गरिने प्रत्येक सामग्रीहरूको संख्या १०८ हुनुपर्ने यो ब्रतारम्भ भयो । महाकवि कालिदासले कुमारसम्भवमा देवदेश हिमालका देवाधिदेव आशुतोष शिवका देशको महिमा वर्णन गरेझैं माघमास शिशिर ऋतुमा भगवान् शिव चाँडै प्रशन्न हुने समय भएको हुँदा शिवको दोस्रो स्वरूप शिव ज्योतिर्लिंगको पूजन हुनु अति उत्तम मानिन्छ । त्यस्तै, महालक्ष्मी, महाकाली र महासरस्वती रूपिणी जगतजननी पार्वती माताकै स्वरूपमा श्री स्वस्थानी परमेश्वरीको पूजा, उपासना, आरधाना पूर्ण गर्दा धनधान्य, सन्तान, सन्तान प्राप्त भई यस लोक र परलोकमा समेत असल फल पाइने भएकाले वैदिक धर्मप्रतिको मान्यतामा लगनशीलता बढाउने यस ब्रतलाई मानेको छ । स्वस्थानी ब्रतकथामा सृष्टिको वृत्तान्तदेखि दक्षप्रजापतिको यज्ञ, दक्षको घमण्डले महादेवको अपहेलना सहन गर्न नसकी सतीदेवीले दक्षको यज्ञकुण्डमा हामफाली प्राण त्याग गरेको, महादेवले सतीदेवीको शरीरलाई बोकेर हिँड्दा साढे ७ करोड पिठहरु विभिन्न भागमा पतन भएको, दक्षको भगवान् महादेवद्वारा संहार, त्रिपुरसमेत जित्ने तारकासुर राक्षसको संहार, श्री स्वस्थानीको ब्रतका प्रभावले पार्वतीको श्री महादेवसँग विवाह भएको, वर्षौंदेखि विछोड भएका नागनागिनीको स्वस्थानीको ब्रत गरी कसैले नदीमा प्रसाद चढाएको रोटी पाउँदा उनीहरूको पुनर्मिलन भएको, गोमालाई श्री महादेवको चार श्रापका लागि सप्तर्षिद्वारा श्री स्वस्थानीको ब्रत गर्ने उपदेशानुसार ब्रत गर्दा श्रापद्वारा मुक्ति एवं उनका सुपुत्र नवराज लावण्य देशका राजा भएका थिए । माघमासभरि नेपालीहरु शाली नदीलाई पवित्र नदीको रूपमा हेरी पुण्य कमाउन त्यहाँ जाने गर्दछन् । यस अवसरमा साली नदीका साथै पशुपति क्षेत्रको गौरीधाटमा नुहाई किराँतेश्वर मन्दिरको दर्शन गर्नाले ठूलो पुण्य प्राप्त हुन्छ भन्ने किवंदन्ती रहेको छ । श्री स्वस्थानी ब्रतकथामा श्री स्वस्थानी परमेश्वरी मातालाई निरञ्जन निराकार, सम्पूर्ण तीर्थ, सृष्टिस्थिति संहारकर्ता, पञ्चमहाभूत, सत्व, रज, तम, त्रिगुण, ब्रह्माण्ड संसारमा आत्मास्वरूप आदिशक्ति, कालस्वरूप, आदि अन्त्यविहीन, अव्यक्त भनी वर्णन गरिएको पाइन्छ । श्री स्वस्थानी ब्रतकथामा हिमालय पर्वतकी सुपुत्री कन्या पार्वतीले महादेव स्वामी पाऊँ भनी श्री स्वस्थानीको ब्रत बसी ब्रतको प्रभावले महादेव स्वामी पाएकी थिइन् भन्ने उल्लेख हुनुको साथै उक्त ब्रतकथामा सत्ययुगमा देवलोकमा देवगणबाट र मर्त्यलोकमा गोमा ब्राह्मणीले सप्तर्षिहरूको सल्लाहअनुसार पापमुक्ति एवं ऐश्वर्य प्राप्तिका लागि ब्रतको आरम्भ गर्न प्रोत्साहित गरिएको थियो भन्ने उल्लेख भएको छ । पौराणिक कालदेखि नै आर्यावर्तको नेपाल खण्डमा ज्यादै प्रचलित रहेको स्कन्द पुराणअन्तर्गतको केदार खण्डखण्ड माघ महात्म्यमा श्री स्वस्थानी परमेश्वरीको ब्रत उल्लेख छ । श्री स्वस्थानीमा वर्णित कथा अनुसार स्वर्गबाट अप्सराहरु शालीनदीको किनारमा आई श्री स्वस्थानीका ब्रत गर्ने गरेको उल्लेख भएको र उक्त नदीमा नवराज राजाकी पत्नी चन□ावतीले आ□नो माइती वरूणपुरबाट (बनेपा) पतिका घर लावण्यदेश (साँखु) जानलाग्दा बाटोमा श्री स्वस्थानी माताको निन्दा गरेकीले डोलीबाट खसी शालीनदीले बगाएको र पछि हातखुट्टामा कृष्ठी भइरहनुपरेको तथा शालीनदीमै अप्सराहरूले श्री स्वस्थानीको ब्रत गरेको ठाउँमा उनै परमेश्वरी श्री स्वस्थानीलाई संभ्री यथाभक्ति ब्रत उसासना गरी कुष्ठरोगबाट स्वास्थ्यलाभ गरेकी थिइन् भन्ने धार्मिक कथा शालीनदीसँग गाँसिएकाले हिन्दू धर्मावलम्बी उक्त स्थान र नदीलाई पवित्र तीर्थस्थल मान्दछन् । अन्त्यमा भन्नुपर्दा ब्रतालुले श्री स्वस्थानी माताको ब्रत बसेको समयमा आफूखुसी जे मन लाग्यो, त्यही वस्तु खानचाहिँ पूर्ण रूपमा नपाइने भएकोले खान हुँदैन भनेको कुनै वस्तु खायो भने र गर्नुहुँदैन भनेको काम गरेको खण्डमा त्यस्तालाई ठूलै पाप लाग्छ भन्ने जनविश्वास रहेको हुँदा त्यस्ता व्यक्तिले जुन कामको कामनाको लागि चिताएर ब्रत बसेका हुन सो प्राप्त गर्न सकिँदैन भन्ने कथन रहेको छ । श्री स्वस्थानी माताको ब्रत बस्ने ब्रतालुहरूले भात, पालुंगो, चिनी चाकु, मुला, उखु, तरूल, चिउरा, केरा, सुन्तला, लप्सी, केराउ, नेपाली घिउ, आदिमध्येबाट आफूलाई खान मन लागेको मात्रै खान सकिने भएकाले ब्रतालुले यिनै कुराको सेवन गरी ब्रतको परिधिभित्र रहेर नियम पालना गर्नुपर्छ । यसरी माघस्नानको नियम र महत्व भारतीयमा पनि देखिन्छ । किन्तु, स्वस्थानी भगवतीको पूजा नेपालीको आ□नो विशेषता हो । धर्मप्राण नेपालीमा स्वस्थानीको कथाले महत्वपूर्ण प्रभाव पारेको देखिन्छ ।

स्वस्थानी ब्रतको कथामा शिव शर्मा र ब्राह्मण र उनकी ब्राह्मणी सती नामकीलाई कुनै सन्तान नहुँदा दुःखी भएकोमा उनको पुण्यले गर्दा त्यहाँ आइपुगेकी यौटी गाईको गोबरमा रूपवती कन्या उत्पन्न भइन् । तिनको गोमा नाम राखेर शिव शर्माले पाले र ठूली भएपछि सन्यासी भेषमा आएका भगवान् शिवलाई तुरून्त भिक्षा नदिंदा '८० वर्षको बूढो तेरो पति होस' भन्ने श्राप पाइन । त्यस्तै, भयो र वृद्धबाट गोमाको गर्भमा पुत्र रह्यो । बृद्ध पति एक महिनाको अवधि राखेर विदेश गएकोमा उतै बितेछन् । गोमाले छोरो पाइन र उनको छोराको नाम नवराज राखियो । छोरा ठूलो भएपछि मेरो पिताजी कहाँ जानुभयो भनेर सोधेकोमा गोमाले सबै वृत्तान्त बताइन् । छोरा पितालाई खोज्न हिंडे र मरेको थाहा पाएर किरिया गरेर फर्के । उता गोमाले ऋषिहरुको उपदेशले स्वस्थानी भगवतीको 'मेरो छोरो चाँडै फर्कोस' भनेर पूजा ब्रत गरिन् ।

नवराजले पनि भगवान् शिवको स्तुति गरेर राज्य पाउने वरदान पाए । घर फर्केर आएपछि पूर्वविवाह गरिएकी पत्नीलाई आमा छोडेर कमाउन भनी गएका नवराजले लावण्यपुरीको राज्य त्यस देशको हात्तीले फूलमाला लगाइदिएकाले राज्य पाउने नियमले पाए । आमालाई बोलाए । नवराजले अर्को विवाह गरे । उनकी प्रथम पत्नीले उनकी आमालाई छाडेर माइत गएर बसेकी थिइन् । बोलाउन पठाएकोमा स्वस्थानीको निन्दाले कुष्टी भएर भुइँमा खसेर बसिन् । पछि स्वस्थानीको पूजाले स्वस्थ भइन र पुनः पति प्राप्त गरिन् । यो कथामा स्वस्थानी भगवतीको वर प्रसादले नवराजकी प्रथम पत्नीले पनि पहिला भगवतीको निन्दा र अपमानले कुष्ठरोगयुक्त भएकी थिइन र पछि उनै भागवतीको व्रत र पूजाले पुनः स्वस्थान आ□नो स्थान पाइन । त्यसो हुँदा स्थान च्युत व्यक्तिले स्वस्थान प्राप्त गर्न स्वस्थानीकै व्रत र पूजा गर्नुपर्छ भन्ने तथ्य पाइन्छ । स्वस्थानीको ब्रतकथा सम्पूर्ण कामनालाई पूर्ण गर्नेवाला ब्रतकथा हो । यसको प्रभावले यस लोकमा र स्वर्गलोकमा पूज्य स्थान प्राप्त गर्न सकिन्छ । त्यसैले स्वस्थानी कथाजस्ता आ□ना धार्मिक कृत्यहरु गर्न छोड्न हुन्न । त्यसैले होला श्री स्वस्थानी माता परमेश्वरी भनेको ज्यादै ठूलो शक्ति भएकी देवी भएकाले श्री स्वस्थानी माताको महिमा जति वर्णन गरे पनि सकिँदैन । हरेक वर्षमा यो ब्रत बस्ने कार्यमा ब्रतालुको संख्या दिनानुदिन बढ्दै गएको पाइन्छ, त्यसैले होला श्री स्वस्थानी ब्रतकथा र शालीनदीको महत्व दिनपर दिन बढ्दो छ ।

राजधानी दैनिक

**स्वस्थानी ब्रतकथामा सृष्टिको वृत्तान्तदेखि दक्षप्रजापतिको यज्ञ, दक्षको घमण्डले महादेवको अपहेलना सहन गर्न नसकी सतीदेवीले दक्षको यज्ञकुण्डमा हामफाली प्राण त्याग गरेको, महादेवले सतीदेवीको शरीरलाई बोकेर हिँड्दा साढे ७ करोड पिठहरू विभिन्न भागमा पतन भएको, दक्षको भगवान् महादेवद्वारा संहार, त्रिपुरसमेत जित्ने तारकासुर राक्षसको संहार, श्री स्वस्थानीको ब्रतका प्रभावले पार्वतीको श्री महादेवसँग विवाह भएको, वर्षौंदेखि विछोड भएका नागनागिनीको स्वस्थानीको ब्रत गरी कसैले नदीमा प्रसाद चढाएको रोटी पाउँदा उनीहरूको पुनर्मिलन भएको, गोमालाई श्री महादेवको चार श्रापका लागि सप्तर्षिद्वारा श्री स्वस्थानीको ब्रत गर्ने उपदेशानुसार ब्रत गर्दा श्रापद्वारा मुक्ति एवं उनका सुपुत्र नवराज लावण्य देशका राजा भएका थिए । माघमासभरि नेपालीहरू शाली नदीलाई पवित्र नदीको रूपमा हेरी पुण्य कमाउन त्यहाँ जाने गर्दछन् । यस अवसरमा साली नदीका साथै पशुपति क्षेत्रको गौरीधाटमा नुहाई किराँतेश्वर मन्दिरको दर्शन गर्नाले ठूलो पुण्य प्राप्त हुन्छ भन्ने किवंदन्ती रहेको छ ।**



**नवराजले पनि भगवान् शिवको स्तुति गरेर राज्य पाउने वरदान पाए । घर फर्केर आएपछि पूर्वविवाह गरिएकी पत्नीलाई आमा छोडेर कमाउन भनी गएका नवराजले लावण्यपुरीको राज्य त्यस देशको हात्तीले फूलमाला लगाइदिएकाले राज्य पाउने नियमले पाए । आमालाई बोलाए । नवराजले अर्को विवाह गरे । उनकी प्रथम पत्नीले उनकी आमालाई छाडेर माइत गएर बसेकी थिइन् । बोलाउन पठाएकोमा स्वस्थानीको निन्दाले कुष्टी भएर भुइँमा खसेर बसिन् । पछि स्वस्थानीको पूजाले स्वस्थ भइन र पुनः पति प्राप्त गरिन् । यो कथामा स्वस्थानी भगवतीको वर प्रसादले नवराजकी प्रथम पत्नीले पनि पहिला भगवतीको निन्दा र अपमानले कुष्ठरोगयुक्त भएकी थिइन र पछि उनै भागवतीको व्रत र पूजाले पुनः स्वस्थान आ□नो स्थान पाइन । त्यसो हुँदा स्थान च्युत व्यक्तिले स्वस्थान प्राप्त गर्न स्वस्थानीकै व्रत र पूजा गर्नुपर्छ भन्ने तथ्य पाइन्छ । स्वस्थानीको ब्रतकथा सम्पूर्ण कामनालाई पूर्ण गर्नेवाला ब्रतकथा हो । यसको प्रभावले यस लोकमा र स्वर्गलोकमा पूज्य स्थान प्राप्त गर्न सकिन्छ ।**

# प्रगतिशील युवा संघ नेपालको बागमती प्रदेश समिति गठन

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी(माले) का स्थाई कमिटी सदस्य कुमार बेलबासेको प्रमुख आतिथ्यता, स्थाई कमिटी सदस्य बागमति प्रदेश इन्चार्ज कृष्ण राना, पोल्टी ब्यूरो सदस्य तथा बागमति प्रदेश सचीव कुमार खाकी श्रेष्ठ, प्रगतिशील युवा संघका केन्द्रीय संयोजक दिनेश खातीको आतिथ्यतामा रातोपुल केन्द्रिय कार्यलयमा बसेको प्रगतिशील युवा संघ नेपालको बागमति प्रदेशस्तरीय भेलाले मोहन कार्कीको नेतृत्वमा १९ सदस्यीय प्रदेश कमिटी चयन गरेको छ । नयाँ कार्यसमिति अन्तर्गत बागमति प्रदेश संयोजक मोहन कार्की, उप संयोजकमा प्रकाश भट्ट, सचिवमा प्रवीण लामा, कोषाध्यक्षमा दिलीप गिरीलाई जिम्मेवारी दिईएको छ भने सदस्यहरुमा गिता पनेरु, पुष्प कुमार कार्की, राम्री कुमारी, सुजिता सदाशंखर, बलवीर तामाङ, रामेश्वर थापा मगर, सुरेस तामाङ लगायतलाई समेटिएको छ ।

बिभिन्न पार्टी परित्याग गरि प्रगतिशील युवा संघ नेपालमा प्रवेश

शनिवार नै बिभिन्न पार्टीमा आवद्ध युवायुवतीहरु नेकपा, कांग्रेस, राप्रपा लगायत परित्याग गरि प्रगतिशील युवा संघ नेपालमा प्रवेश गरेका छन् ।

प्रगतिशील युवा संघ नेपालमा प्रवेश गर्ने ब्याक्तित्वहरुको नामवली यसप्रकार रहेको छ ।

प्रविण लामा सिन्धुपाल्चोक, प्रज्वल तामाङ, सिखर लामा, सुरेस तामाङ, सुदिप तामाङ, बलवीर तामाङ, बिजय मगर उदयपुर, शंखर तामाङ मकानपुर, नवराज तिमिल्सिना, वीर ब.थिङ, राम्री कुमारी काभ्रे, सुजिता सदाशंखर , गीता पनेरु चितवन, बलकृष्ण पनेरु , रमा बुढाथोकी , प्रकाश भट्ट नुवाकोट, कृष्णराज गजुरेल, सुरेस परियार भक्तपुर, राज परियार, दिलीप गिरी रामेछाप, सुवासना गजमेर दोलखा, रामेश्वर थापामगर काठमाडौं, कृष्ण कुमार कार्की लगायत प्रगतिशील युवा संघमा आवद्ध भएका छन् ।

प्रवेश गर्ने नयाँ सदस्यहरुलाई त्यस कार्यक्रमका प्रमुख अतिथि कुमार बेलवासेले अविर लगाएर स्वागत गरेका थिए ।

प्रगतिशील युवा संघ नेपालका केन्द्रीय कोषाध्यक्ष बसन्त पाण्डेले उत्कृष्ट ढंङवाट कार्यक्रमको सञ्चालन गरी आकर्षण थपेका थिए । कार्यक्रम लाई दुई भागमा बिभाजन गरी सञ्चालन गरिएको थियो । पहिलो खुल्ला शत्र र दोस्रो बन्द शत्र गरेर कार्यक्रम गरिएको थियो । नयाँ कार्य समितिलाई प्रमुख अतिथि लगायत नेताहरुले शुभकामना तथा बधाई दिएका थिए । कार्यक्रम देशभक्त राष्ट्रवादी युवाहरुको पक्षमा हुनुपर्ने र नेपालको परनिरर्भरवादी तकिालाई चिरेर युवाहरुले आफ्नै देशमा सम्भावना खोज्न त्यस कार्यक्रममा प्रमुख अतिथि समेत रहेका कुमार बेलबासेले युवाहरुलाई आग्रह गरेका थिए ।












# कामना सेवाले WeChat-Union Pay भुक्तानी सेवा सञ्चालनमा ल्यायो

भ्कामना सेवा विकास बैंक र फर्स्ट पे टेक्नोलोजी प्रा.लि.बीच WeChat Pay/ Q- Pay को भुक्तानी सम्बन्धी सम्झौता सम्पन्न भएको छ। बैंकले नेपालमा आउने विदेशी पर्यटकलाई लक्षित गर्दै WeChat Pay/ Union Payबाट हुने भुक्तानी स्वीकार गर्न यो सेवा सञ्चालनमा ल्याएको हो। यस सम्झौता पश्चात नेपाल आउने पर्यटक तथा स्वदेशी ग्राहकहरुले कामना सेवा विकास बैंक लि.सगँ आवद्ध मर्चेन्टहरुबाट वस्तु तथा सेवा खरिद गरे बापतको रकम QRकोड स्क्यान गरि/ गराई WeChat Pay/ Union Payको साथै



Alipay,Khalti,Prabhu Pay, QPay, Ime Pay, Smart QR लगायत अन्य ४६ वटा अर्न्तराष्ट्रिय वालेटहरुमार्फत भुक्तानी गर्न सक्ने छन्।

काठमाडौं ३०, ज्ञानेश्वरमा केन्द्रीय कार्यालय रहेको बैंकले देशका विभिन्न भागहरुमा १२४ वटा शाखा, १ वटा ऐक्सटेन्सन काउन्टर तथा ६६ वटा ATMमार्फत ग्राहकहरुलाई आफनो सेवातथासुविधाहरु प्रदान गर्दै आएको छ। साथै बैंकले ABBS, SMS Banking, Mobile Banking, C-ASBA, Social Banking लगायतका माध्यमबाट समेत सम्पूर्ण बैंकिङ्ग सेवा सुविधाहरु उपलब्ध गराउँदै आएको तथा समय सापेक्ष आफ्ना सेवाहरु थपगर्दै जाने बैंकको योजना रहेको छ।

# गरिमा विकास बैंकद्वारा मेरो शेयर बचत खाता सार्वजानिक

नेपाल राष्ट्र बैंकबाट 'ख' बर्गको ईजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको गरिमा विकास बैंक लिमिटेडले शेयर मार्केटलाई साधारण जनताको पहुँचसम्म पुर्‍याउन 'मेरो शेयर बचत खाता' सार्वजानिक गरेको छ। यो खाता अन्तर्गत ग्राहकहरुले न्युनतम रु ५०० माखाता खोली निःशुल्क डिम्याट खाता र निःशुल्क सी-आस्बा सुविधा लिन सकिनेछ। पहिला नै डिम्याट खाता हुने ग्राहकहरुले पनि यो खाता खोली निःशुल्क सी-आस्बाको सुविधा लिन सक्नु हुनेछ।

वर्तमान अवस्थामा कोभिड १९ को महामारीको कारणले अर्थतन्त्र शिथिल भएको अवस्थामा लगानीमा सकुंचन आएका कारण समग्र अर्थतन्त्रमा बचतको व्याजदरमा कमी आउँदा समेत यस बैंकले 'मेरो शेयर बचत खाता' मा आर्कषक




५.५% ब्याजदर प्रदान गर्ने बताएको छ। जनमानसमा शेयर प्रतिको बढ्दो लोकप्रियतालाई मध्यनजर गर्दै सरल तवरले डिम्याट खाता खोल्ने सुविधा प्रदानगरि नेपाली शेयर मार्केटको स्तरोन्नतीमा केहि हदसम्म सहयोग पुर्‍याउने यो खाताको मुख्य उद्धेश्य रहेको यस बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द प्रसाद ढकालले बताउनु भएको छ। हाल गरिमा विकास बैंकले देशका ३५ जिल्लामा १०६ शाखा कार्यालयहरु र ५१ ए.टि.एम.मार्फत आफ्ना ग्राहकहरुलाई सरल, सुरक्षित एवं गुणस्तरीय बैकिङ्ग सुविधा दिदै आईरहेको छ।

# सिद्धार्थ बैंकका अध्यक्षद्धारा शपथ ग्रहण

सिद्धार्थ बैंक लिमिटेडको माघ १६ गतेका दिन बसेको संचालक समितिको ३६२ औं बैठकबाट मनोज कुमार केडिया बैंकको अध्यक्ष पदमा सर्वसम्मत

Siddhartha Bank

रुपमा चयन हुनु भएको छ। उहाँले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकका गभर्नर महा प्रसाद अधिकारी समक्ष गभर्नरको कार्यालयमा बैंकको संचालक समितिको अध्यक्षको पद तथा गोपनीयताको सपथ लिनुभएको छ। उहाँ यसअघि पनि मिति २०७३-११-०५ देखि २०७७-१०-१६ सम्म बैंकको संचालक समितिको अध्यक्ष रहँदै आउनु भएको थियो।

# मुक्तिनाथ विकास बैंकबाट वीच्या-पे-भुक्तानी सेवा

मुक्तिनाथ विकास बैंक लि.ले डिजिटल भुक्तानीमा प्रोत्साहन गर्न छिमेकी मुलुक चीनको प्रख्यात भुक्तानी सेवा'वीच्याट (पे'संग साझेदारी गरेको छ। उक्त



सम्झौतामा मुक्तिनाथ विकास बैंकको तर्फबाट सहायक नायव प्रमुख कार्यकारी अधिकृत तिलबहादुर गुरुङ्गले हस्ताक्षर गर्नुभएको थियो। यो सम्झौता पछि वीच्याट (पे मोवाईल वालेट प्रयोगकर्ताहरुले मुक्तिनाथ बैंक अन्तर्गतका मर्चेन्टहरुमा राखिएको क्यू आर कोड स्क्यान गरी डिजिटल रुपमा रकम भुक्तानी गर्न सकिने व्यवस्था मिलाईएको छ। चीनमा निकै लोकप्रिय रहेको वीच्याट (पे मार्फत नेपाल भ्रमण गर्ने चिनिया पर्यटक वा व्यापारीहरुले विभिन्न सामाग्री तथा सेवा खरिदको लागि वीच्याट (पे मार्फत भुक्तानी गर्न सक्नेछन्।

विकास बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न VISA Network अन्तर्गतको जुन सुकै बैंकको ATMबाट विनाकुनै शुल्क रकम झिक्न सकिने व्यवस्था गरिएको छ। त्यसै गरी मोबाईल बैंकिङ्ग, क्यूआर कोड स्क्यान, अनलाईन कर्जा आवेदन, अनलाईन खाता खोल्ने, ईन्टरनेट बैंकिङ्ग, खाता मै रेमिट्यान्स जम्मा आदि जस्ता कार्यहरु बैंकको शाखामा उपस्थित नभई घरबाट गर्न सकिने व्यवस्था गरिएको छ।

# बैंक अफ काठमाण्डूका ग्राहकहरुलाई १ सय रुपैयाँ बोनस

बैंक अफ काठमाण्डू लिमिटेडका ग्राहक महानुभावहरुले खल्ती डिजिटल




वालेटमा आफ्नो बैंक खातालाई लिंक गर्दा रु १०० बोनसको साथमा सिधै बैंकबाट भुक्तानी सुविधा पाउनु हुनेछ। ग्राहक महानुभावहरुले बैंक अफ काठमाण्डू लिमिटेडको खातालाई बैंकको मोबाईल बैकिङ्ग सेवामा दर्ता भएको मोबाइल नम्बरबाट पहिलो पटक खल्ती वालेटमा लिंक गर्ना साथ तुरुन्तै १०० रुपैयाँ बोनस प्राप्त गर्ने सक्नुहुनेछ। यसरी खाता लिंक गर्दा पहिलो पटक मात्र बोनस सुविधा पाइने छ। यस बोनस योजनामा बैंक अफ काठमाण्डू लिमिटेडको मोबाईल बैंकिङ्गको प्रयोगकर्ता महानुभावहरुले मात्र सहभागी हुन सक्नु हुनेछ। ग्राहक महानुभावहरुले आफ्नो बैंक खातालाई खल्ती वालेटमा लिंक गरे पश्चात् उक्त वालेट मार्फत विभिन्न वस्तु तथा सेवाहरुको खरिद गर्न सक्नुहुनेछ। साथै, बैंकका ग्राहक महानुभावहरुले वस्तु तथा सेवा खरिद पश्चात् सिधै बैंक खाताबाट भुक्तानी गर्न सक्नुहुनेछ। बैंक अफ काठमाण्डू लिमिटेडले ९० शाखा कार्यालयहरु, ७८ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहक महानुभावहरुलाई उत्कृष्ट बैंकिङ्ग सुविधा प्रदान गर्दै आईरहेको छ।

# महालक्ष्मी विकास बैंकद्वारा माउन्ट केटू आरोहण समूह सम्मानित

महालक्ष्मी विकास बैंक लिमिटेडले पाकिस्तानमा अवस्थित"ज्यानमारा हिमाल"भनेर चिनिने विश्वको दोस्रो अग्लो हिमाल केटू (८,६११ मिटर)को हिँउदयाम(२०७७ माघ ३ गते शनिबार)मा सफलतापूर्वक आरोहण गरी विश्व कीर्तिमान बनाउन सफल माउन्ट केटू आरोहण समूहलाई स्वागत तथा अभिनन्दन कार्यक्रम सम्पन्न गरेको छ।

शुक्रबार बैंकको प्रधान कार्यलयमा आयोजित अभिनन्दन कार्यक्रममा हिमाल

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रिय स्तरको इजाजत प्राप्त संस्था)

केटूको चुचुरोमा नेपालको झण्डा फर्फराएर नेपालको नाम विश्वसामु परिचित गराउन आरोही समूहले पुर्‍याएको योगदानको कदर स्वरुप बैंकका सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायले माउन्ट केटू आरोहण समूहलाई रु.पाँच लाख नगद पुरस्कार तथा सम्मान(पत्र प्रदान गर्नु भयो। कार्यक्रममाआरोहीश्री निर्मल पुर्जाले बैंकले प्रदान गरेको यस सम्मानले साहासिक कार्यको लागि थप हौसला मिलेको बताउनु भयो। उक्त कार्यक्रममा माउन्ट केटू आरोहण समूहका सदस्यहरु, बैंकका सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरु र कर्मचारीहरुको उपस्थिति रहेको थियो।

## आर्थिक

# ज्योति विकास बैंकको १३ औं वार्षिक साधारणसभा सम्पन्न

ज्योति विकास बैंकको १३ औं वार्षिक साधारणसभा बुधवार भद्रकाली स्थित त्रिभुवन आर्मी अफिसर्स क्लबमा बैंकका सञ्चालक समितिका अध्यक्ष हरिचन्द्र खड्काको सभापतित्वमा सम्पन्न भएकोछ। कोरोना भाइरस (कोभिड( १९) महामारीको जोखिमलाई मध्य नजर गर्दै वार्षिक साधारणसभामा अनलाइन (भर्चुअल) प्रविधि मार्फत सहभागी हुने पनि व्यवस्था गरिएको थियो। उक्त साधारण सभाले बैंकको आर्थिक बर्ष २०७६ र ७७ को बार्षिक प्रतिबेदन पारित गर्नुका साथै बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई हालकायम भएको चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयरलाभांश प्रदान गर्ने प्रस्ताव पारित गरेको छ। बैंकले १० प्रतिशत बोनश शेयर पारितगरे पश्चात बैंकको चुक्ता पूँजी रू. ३ अर्ब ८४ करोड ४८ लाख २३ हजार पुगेको छ। साथै, साधारणसभाले ज्योति विकास बैंक लि. संस्थापक सेयरधनी समुहको तर्फबाट श्रीहरिप्रसाद ,श्रीहरि चन्द्र खड्का ,श्रीसन्तोष अधिकारी तथा सर्वसाधारणसेयर धनी समुहकोतर्फबाट श्रीनरेशराज




आचार्य र श्रीध्रुवकोइरालालाई आगामी ४ वर्षको लागि सञ्चालक समितिको सञ्चालक पदमा निर्विरोध निर्वाचित गरेको छ। बैंकको वार्षिक साधारण सभाले आर्थिक वर्ष २०७६-७७ कोसञ्चालक समितिको प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणलगायतका वार्षिक वित्तिय विवरणहरू उपर छलफ लगरीस्वीकृत गर्नुका साथै बैंकको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने प्रस्ताव पारित गरेको छ। ज्योति विकास बैंकले हाल १०५ शाखा कार्यालय, १ एक्सटेन्सन काउन्टरतथा ६१ वटा ATM मार्फत सेवा उपलव्ध गराउँदै आईरहेकोछ। हालसम्म बैंकले ३ लाखभन्दा बढि खाताबाट करिब रु.४६ अर्ब निक्षेप संकलन गरी२३ हजारभन्दा बढि ऋणीलाई करिब रु.३७ अर्ब लगानी गर्न सफल भएकोछ।

# कृषि विकास बैंकको शाखा कार्यालय नयाँ वजारमा

कृषि विकास बैंकको शाखा कार्यालय चिप्लेढुंगा (नयाँ वजार) पोखरा महानगर पालिका वडा नं.९ नयाँ वजार स्थित आफ्नै स्वामित्वको नवनिर्मित अत्याधुनिक भवनमा आफ्नो कारोवारको शुरुवात गर्दै मिति २०७७ साल माघ १७ गतेका दिन एक समारोहका विच औपचारिक उद्घाटन गरेको छ। बैंक संचालक समितिका अध्यक्ष लक्ष्मी प्रपन्न निरौला र प्रमुख कार्यकारी अधिकृत अनिल कुमार उपाध्यायले संयुक्त रुपमा रिवन काटेर उदघाटन गर्नु भएको उक्त कार्यक्रममा संचालक सदस्यहरु झक्क प्रसाद आचार्य, डा.हरि वहादुर के.सी., ईन्दिरा श्रेष्ठ मास्के, सन्जिव पौडेल, हरि प्रसाद पराजुली, विनोद गुरागाई विशिष्ठ अतिथीको रुपमा रहनु भएको थियो। साथै कम्पनी सचिव हिमलाल पौडेल, केन्द्रिय तालिम प्रतिष्ठानका तालिम प्रमुख प्रकाश कणेल, गण्डकी प्रदेश कार्यालय पोखराका निर्देशक रघुनाथ न्यौपाने, मुख्य शाखा प्रबन्धक माधव रिजाल, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य वावुराम गिरी, फेवा सिटी हस्पिटल पोखराका आर्थिक विभाग प्रमुख डा.ध्रुव अधिकारी, बैकमा क्रियाशिल यूनियन नेपाल वित्तिय संस्था कर्मचारी सघका प्रदेश अध्यक्ष वद्री नारायण पौडेल, कृषि विकास बैंक कर्मचारी संगठन प्रदेश अध्यक्ष भेषराज घिमिरे, बैकका पूर्व निर्देशक चेत नारायण सापकोटा, होटल पिनाकिनीका प्रबन्ध निर्देशक शुसिला के.सी., सेवाग्राहीहरु, बैंकका विभिन्न कार्यालयका वरिष्ठ शाखा प्रमुखहरु, शाखा प्रबन्धकहरु तथा अन्य कर्मचारीहरुको बाक्लो उपस्थिती रहेको कार्यक्रममा बैंकको हाता भित्र रहेको ब्ट सेवाको उदघाटन बैकका संचालक समितिका सदस्यद्वय झक्क प्रसाद आचार्य र हरि प्रसाद पराजुलीवाट संयुक्त रुपमा भएको कार्यक्रममा कार्यक्रमको अध्यक्षता गरिरहनु भएका बैंक संचालक समितिका अध्यक्ष लक्ष्मीप्रपन्न निरौलाले कृषि क्षेत्रको विकासमा निजी क्षेत्रसँग सहकार्य गरेर अगाडी वढन तयार रहेको छ।

# हार्दिक अनुरोध

**जनआकाश मिडिया प्रा.लि.ले प्रत्येक वर्ष आफ्नो वार्षिकोत्सवको अवसरमा समाज र राष्ट्रलाई योगदान पुर्‍याएका ब्यक्तित्वहरुलाई सम्मान तथा पुरस्कार वितरण गर्दै आएको छ । यस वर्षबाट साहित्य क्षेत्रलाई फराकिलो बनाउन थप १५ वटा विद्या थपेको र ती विद्याहरुको छनौटको विधि जनआकाश राष्ट्रिय साप्ताहिकमा प्रकाशित हुनुपर्ने वा जनआकाश मिडियाको कार्यालयमा दर्ता हुनुपर्ने कुरा सूचित गरिन्छ ।**

**सम्पर्क: ४१६७५७८ (बागबजार)**
**पो.व. नं.१६५६**
**मोबाइल: ९८६१५८८४५६**
Email: jana.news2065@gmail.com

# आँटिला महिलामाथिः चोटिला प्रहार



उमा पौडेल

**वैदेशिक रोजगारबाट फर्किएकाहरुको पुनर्स्थापनाका लागि काम गर्ने संस्था पौरखी नेपालले वैदेशिक रोजगारबाट समस्यामा परेर फर्किएका १ हजार ७ सय ७७ महिलाहरुसंग केही वर्ष अघि एउटा सर्वेक्षण गरेको थियो । समस्या नै भोगेर फर्किएका भनिएका महिलाहरुमध्ये १ प्रतिशत (१८ जना) महिला वैदेशिक रोजगारमा जाँदा बच्चासहित फर्किएको, २ प्रतिशत (३४ जना) महिला गर्भवती भएर फर्किएको र ५ प्रतिशत (८३ जना) महिला अस्थिर मानसिक अवस्थामा फर्किएको पत्ता लागेको थियो । स्मरण रहोस् यो वैदेशिक रोजगारमा समस्यामा परेका महिलाहरुसंग गरिएको सर्वेक्षण हो । यसरी तथ्यांकलाई हेर्दा १ हजार ७ सय ७७ जना समस्यामा परेका महिलाहरुमध्ये जम्मा १ सय ३५ जनाले मात्रै वैदेशिक रोजगारका क्रममा समस्या भोगेका थिए । शेल्टरमा रहेमा अन्य महिलालाई नेपालमा परिवार तथा समाजमा पुनर्स्थापनाको समस्या रहेको थियो ।**

बैनी विदेश गएको छोरी मान्छेलाई समाजमा अरु मान्छेहरुले पटक्कै मन पराउँदनैन् के गर्ने होला ? वैदेशिक रोजगारीको क्षेत्रमा काम गर्ने दौरानमा केही वर्ष अघि संगै कामगर्ने एकजना दिदीले यस्तो प्रश्न गर्नुभयो । उहाँ वैदेशिक रोजगारीबाट फर्किएर आउनुभएको हो । उहाँको यही प्रश्न आजभोली मेरो मानसपटलमा घुमिरहेको छ ।

काँडा बिझेर बनेको खिल निकाल्न सियोले पटकपटक घोच्नुपर्छ । उनलाई पनि समाजले त्यसैगरि घोचेको रहेछ । अनेक पटक घोचेपछि उनको मनबाट यस्तो प्रश्न आएको हुनुपर्छ । मैले ठम्याए । जुन उनको अनुहारबाट पनि झल्किन्थ्यो ।

सोधे के भयो र दिदी ? किन यस्तो भन्नुभएको ? मलिन अनुहारमा उहाँले भन्नुभयो, पहिले पहिलेकोजस्तो गाउँका दिदीबहिनीहरु राम्रोसंग बोल्दैनन् । खै उनीहरुलाई के लाग्छ मलाई देखेर कोही साउती मार्दै हिँड्छन् । कोही तर्कन खोज्छन् ।

कस्तो पिरो मन बनायो दिदीको कुराले । बलबुताले झ्याएसम्म सम्झाएँ र भने, कसले के भन्छ ? कसरी हेर्छ ? भन्ने कुरालाई वास्ता गर्नुहुन्न दिदी । तपाईंले प्रगति गरेको देखेर डाह गरेका हुन्, छाडिदिनुस् । जसले जे सुकै भनोस् ।

उहाँको गहिरो पीडाको लागि वजनदार ओखति त भएन मेरो भनाई । तर पनि केही राहत महशुस गर्नुभयो कि उहाँले ! काँडा निस्किएपछि टनटन गरेको ठाउँमा जसरी सन्चो हुन्छ, उसैगरी उनको मनभित्र गढेको पीडा चट्टै निको पार्ने कुनै औषधि भएको भए''. ।

केही वर्षअघिको यो संवाद मैले स्मरण गर्नुको कारण हालसालै प्रकाशित भएका केही समाचारहरु हुन् । कोभिड-१९ को महामारी पश्चात् अहिले धमाधम नेपालीहरुलाई गन्तब्य मुलुकबाट स्वदेश फर्काउने कार्य भैरहेको छ । गएको शुक्रबार सरकारले दुबईबाट १ सय १ जना महिलाहरुलाई घर फर्कायो । सोही दिन केही अनलाईनमा समाचार देखिए, दुबईबाट नेपाल फर्किएका १ सय १ जना महिलामध्ये ९४ जना गर्भवती ।

उक्त समाचारलाई शेयर गर्ने र कमेन्ट गर्नेको लर्को लाग्यो । समाचारमा गर्भवतीमध्ये २७ जनाका श्रीमान् साथमै नेपाल फर्किएको, बाँकि यू.एई.मै कार्यरत रहको र भिजिट भिसामा श्रीमान् भेट्न यू.एई. पुगेको विवरण उल्लेख भएको थियो । त्यसबाहेक यस सम्बन्धी अन्य कुनै पनि जानकारी त्यहाँ उल्लेख गरिएको छैन । सोही शिर्षककै समाचारमा अन्य देशहरुबाट कति नेपाली फर्किए, कुनकुन एयरलाईन्सका जहाँजहरु आए भन्ने जस्ता जानकारीहरु समावेश भएका थिए । गर्भवती महिलाका सन्दर्भमा उक्त दुई वाक्यबाहेका अन्य कुनै तथ्य वा जानकारी थिएन । तर समाचारको मुख्य शिर्षक ९४ जना गर्भवती फर्किनुलाई बनाईएको थियो ।

त्यसको लगत्तै अर्कोदिन अर्को समाचार पनि सामाजिक संजालमा भाईरल बन्यो । शिर्षक थियो मलेसियाबाट फर्किएका महिलाको पीडाः प्रहरीले पक्रिएर चौकी हैन, लज पुऱ्याउँथे । तलपट्टी विदेश गएर फर्किएका महिलाहरुको अनुभवलाई यसरी हाईलाईटेड गरियो प्रहरीको गलफ्रेण्ड र साहुको नक्कली श्रीमती । यो समाचार ५८.६ प (५८ हजार ६ सय) शेयर भएको थियो । उक्त समाचारलाई पढ्न सक्ने र नसक्ने गरी कमेन्ट गर्नेहरुको लाईन थियो ।

वैदेशिक रोजगारबाट फर्किएकाहरुको पुनर्स्थापनाका लागि काम गर्ने संस्था पौरखी नेपालले वैदेशिक रोजगारबाट समस्यामा परेर फर्किएका १ हजार ७ सय ७७ महिलाहरुसंग केही वर्ष अघि एउटा सर्वेक्षण गरेको थियो । समस्या नै भोगेर फर्किएका भनिएका महिलाहरुमध्ये १ प्रतिशत (१८ जना) महिला वैदेशिक रोजगारमा जाँदा बच्चासहित फर्किएको, २ प्रतिशत ( ३४ जना) महिला गर्भवती भएर फर्किएको र ५ प्रतिशत (८३ जना) महिला अस्थिर मानसिक अवस्थामा फर्किएको पत्ता लागेको थियो । स्मरण रहोस् यो वैदेशिक रोजगारमा समस्यामा परेका महिलाहरुसंग गरिएको सर्वेक्षण हो । यसरी तथ्यांकलाई हेर्दा १ हजार ७ सय ७७ जना समस्यामा परेका महिलाहरुमध्ये जम्मा १ सय ३५ जनाले मात्रै वैदेशिक रोजगारका क्रममा समस्या भोगेका थिए । शेल्टरमा रहेमा अन्य महिलालाई नेपालमा परिवार तथा समाजमा पुनर्स्थापनाको समस्या रहेको थियो ।

नेपाल सरकारले आर्थिक वर्ष २०५०-५१ देखि वैदेशिक रोजगारमा जानेहरुको तथ्यांकलाई दस्तावेज गर्न शुरू गर्यो । उक्त समयदेखि आर्थिक वर्ष २०७५-०७६ को तथ्यांकलाई हेर्दा ५१ लाख ३४ हजार १ सय ४५ जना पुरषहरु श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएका छन् भने उक्त अन्तरालमा २ लाख १८ हजार २ सय ९७ जना महिला वैदेशिक रोजगारमा गएको तथ्यांक छ ।

वैदेशिक रोजगारमा गएका यी लाखौं महिलाहरुमध्ये केही महिलाहरुले पक्कै वैदेशिक रोजगारका कारण समस्या भोगेका छन् । तर धेरै महिलाहरुले वैदेशिक रोजगारबाट आम्दानीसंगै, सीप र प्रविधिहरु भित्र्याएका छन् । हाम्रोजस्तो पितृसत्तात्मक सोच भएको समाजमा विदेश गएर पैसा कमाएर परिवार धान्ने आँट गरेका छन्। राज्यको चौथो अंग संचारमाध्यमजस्तो निकाय, जसले व्यक्तिको व्यवहार परिवर्तनदेखि सरकारको नीति निर्माण, परिमार्जन र कार्यान्वयनसम्ममा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । वैदेशिक रोजगारबाट यति महिला गर्भवती फर्किए, प्रहरीले चौकी भनेर लज लान्छन्, साहुको श्रीमती भएर बस्नुपर्छ भन्नेसम्मका समाचार प्रकाशन हुने संचारमाध्यममा किन विदेशबाट सफलतापूर्वक काम गरेर फर्किएका महिलाका कथा बाहिर ल्याइदैनन् ? किन ती आँटिला, हिम्मतिला र साहसिक महिलाहरुलाई उत्प्रेरणा जगाउँने गरी लेखिदैनन्, बोल्दैनन् । यसो भन्दै गर्दा सबै संचारमाध्ययहरुलाई एउटै खाडलमा राख्न खोजेकी भने पक्कै हैन ।

वैदेशिक रोजगारबाट फर्किएका महिला बिटुला भन्दै आफ्नै श्रीमान्ले महिलाको योनीभित्र रड तताएर चोख्याएको घटना प्रत्यक्ष सुनेकी छु । विदेश गएकी अविवाहित महिलाको नेपाल फर्किएपछि चरित्रका कारण विवाह हुन नसकेका कथाहरु मेरा कानमा गुन्जिरहेका छन् । के समाजमा महिलाहरुले भोगिररहेका यस्ता समस्याहरुको कुनै मूल्य छैन ? विदेश जाने महिलाको विषयमा गलत टिकाटिप्पणी गर्ने संचारमाध्ययले वैदेशिक रोजगारमा भएका र फर्किएका महिलाका विषयमा संवेदनशील बन्नु पर्छ कि पर्दैन ? संवेदनशील नबन्ने हो भने महिलाले परिवार र समाजबाट भोगका यस्ता गलत ब्यवहारको जिम्मेवारी संचारमाध्यमले लिनु पर्छ कि पर्दैन ? - महिलाखबर

## ठगी गरेको अभियोगमा पक्राउ

भक्तपुर । बिना कारवाही सजाय र थुना मुक्त गराई दिन्छौ भनी ठगी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सूर्यबिनायक नगरपालिका ६ बस्ने सिन्धुली सुनकोशी गाउँपालिका ४ भोलेनी घर भएका ३३ वर्षीय बीर बहादुर तामाङ र सूर्यबिनायक नगरपालिका ६ बस्ने रामेछाप सुनपाती गाउँपालिका ७ घर भएका २७ वर्षीय ग्याल्छेन लामा रहेका छन् । गत कात्तिक १६ गते भक्तपुर सूर्यबिनायक नगरपालिका ६ गणेश मन्दिर नजिकबाट बाँकी ८ पृष्ठमा

# रामेछाप डायरी

## रामेछाप नगरपालिकाद्धारा छ महिनामा २१ लाख बढी राजश्व संकलन

रामेछाप । माघ १६ गते । रामेछाप नगरपालिकाले छ महिनाको अवधिमा २१ लाख रुपियाँ भन्दा बढी राजश्व सङ्कलन गरेको छ । चालु आर्थिक वर्ष २०७७/०७८ मा एक करोड ५० लाख रुपियाँ राजश्व असुल गर्ने लक्ष्य लिएको नगरपालिकाले पुस मसान्तसम्मको अवधिमा २१ लाख १ हजार ५५६ रुपियाँ १० पैसा राजश्व सङ्कलन गरेको हो । भूमिकर तथा मालपोत बापतको राजश्व दुई लाख ३८ हजार ११५ रुपियाँ, घर बहाल बापतको कर ३ नम्बर वडा कार्यालय साँघुटारबाट सात हजार आठ सय रुपियाँ र नगरपालिकाबाट ५४ हजार ८८५ रुपियाँ सङ्कलन गरिएको रामेछाप नगरपालिकाका सूचना प्रविधि अधिकृत दिपक कुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार सिफारिस दस्तुरबापत दुई लाख ९२ हजार ३९४ रुपियाँ र व्यक्तिगत घटना दस्तुरबाट ५७ हजार सात सय दश रुपियाँ, नाता प्रमाणित दस्तुरबाट ३४ हजार ६०० रुपियाँ, अन्य दस्तुरबाट एक लाख ८७ हजार ९९७ रुपियाँ, एकीकृत सम्पत्ति कर बापत एक लाख ४४ हजार ६९२ रुपियाँ, न्यायिक शुल्क बापत ५२० रुपियाँ र परीक्षा शुल्क बापत तीन हजार ५०० रुपियाँ राजश्व सङ्कलन गरेको छ । यस्तै, बेरुजु बापतको राजश्व वडा नम्बर ८ बाट ७१५ रुपियाँ, पाँच लाख रुपियाँको रजिष्ट्रेशन दस्तुरबाट एक लाख ८७ हजार रुपियाँ, बहाल करबाट १३ हजार रुपियाँ, व्यवसाय रजिष्ट्रेशन दस्तुरबाट तीन लाख २४ हजार २२ रुपियाँ, सरकारी सम्पत्तिको बहालबाट दुई लाख १५ हजार १५७ रुपियाँ, अन्य सेवा शुल्क बापत ८४ हजार १६५ रुपियाँ र अन्य प्रशासनिक सेवा शुल्क बापत १६ हजार ५०० रुपियाँ राजश्व सङ्कलन भएको रामेछाप नगरपालिकाले जनाएको छ । अहिलेसम्को अवधिमा सबैभन्दा बढी राजश्व वडा नं ७ बाट एक लाख ९४ हजार २७१ रुपियाँ सङ्कलन गरेको छ भने सबैभन्दा कम वडा नं १ बाट ६१ हजार ८७४ रुपियाँ सङ्कलन भएको छ । गत आर्थिक वर्ष २०७६/०७७ मा नगरपालिकाले एक करोड ३२ लाख दुई हजार ९८६ रुपियाँ राजश्व सङ्कलन गरेको थियो ।

## रामेछाप महिला उद्यमी संघको अध्यक्षमा अपना श्रेष्ठ

रामेछाप महिला उद्यमी संघको प्रथम अधिबेशनबाट अपना श्रेष्ठ अध्यक्षमा चयन भएकी छिन् । रामेछाप महिला उद्यमी संघको शनिबार मन्थलीमा सम्पन्न प्रथम अधिबेशनले अपना श्रेष्ठको अध्यक्षता १० सदस्यीय समिति निर्विरोध चयन गरेको छ । चयन हुनेहरुमा उपाध्यक्ष , महासचिव , सचिव र कोषाध्यमा क्रमश इन्दिरा बखेल,सरस्वती बराल , मञ्जु घिमिरे,र मेनुका खड्का महत रहेबा छन् । यसैगरि सदस्यहरूमा तारा देबि थापा,तारा देबि भण्डारी ,रिता ढुङेल ,बिपना थापा र डम्बर कुमारी भण्डारी चयन भएका छन् ।

## रामेछाप जेसिज द्वारा मन्थलीमा ब्यवसायीकता तालिम संचालन

जेसिज रामेछापले एक दिने ब्यवसायीकता तालिम तथा रि इन्जिनेरिङ् बिज्नेस् कार्यक्रम सम्पन्न गरेको छ । उधोग वाणिज्य संघ रामेछापसंगको समन्वयमा जेसिजले मन्थलीमा तालिम संचालन गरेको हो । आइतबार मन्थलीमा संचालित तालिममा ६७ जनाले सहभागिता जनाएका थिए । उनीहरुलाई ब्यवसायीकामा सफल हुनको लागि काठमाडौंबाट आएका प्रशिक्षकले प्रशिक्षण गराएका हुन । कार्यक्रममा मन्थली नगरपालिका प्रमुख रमेश कुमार बस्नेत, रामेछाप उधोग वाणिज्य संघका अध्यक्ष केशव घिमिरे, निवर्तमान अध्यक्ष श्याम थापा, जेसिजका प्रमुख तथा प्रतिनिधि, ब्यवसायी, संचारकर्मीहरुको सहभागिता रहेको थियो । तालिम कार्यक्रमलाई जिल्लामा ब्यवसायीकताहरुको हितको लागि संचालन गरेको जेसिजका जिल्ला अध्यक्ष जीवन कार्कीले बताए । कार्यक्रममा प्रमुख अतिथि, अतिथिहरुलाई मायाँको चिनोसहित सम्मान गरिएको थियो ।

## खाँडादेवी गाउँपालिकाको गागल भदौरेमा आरोग्य केन्द्र सञ्चालनमा

रामेछाप । खाँडादेवी गाउँपालिका-८ गागल भदौरेमा नागरिक आरोग्य सेवा केन्द्र सञ्चालनमा आएको छ । स्थानीय तहमै नागरिकहरुलाई सहज रुपमा स्वास्थ्य सेवा पुर्याउने उदेश्यले बागमती प्रदेश सरकारले गागल भदौरेमा आरोग्य सेवा केन्द्र सञ्चालनमा ल्याएको हो । केन्द्रको नव निर्मित भवनको बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कैलाश ढुंगेलले उदघाटन गरे । उदघाटन कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री ढुंगेलले नागरिकहरुलाई निरोगी बनाउनको लागि आरोग्य केन्द्रको स्थापना गरिएको बताए । सरकारले योग र आयुर्वेद सेवालाई गाउँगाउँमा पुर्याउने लक्ष्य राखेको बताउदै नियमित योग अभ्यास र आयुर्वेद उपचारले मानिसलाई अनुशासित पनि बनाउने बताए । कार्यक्रममा जिल्ला समन्वय समिति रामेछापका प्रमुख प्रेम बहादुर खड्काले गाउँगाउँमा आयुर्वेद सेवा कार्यालय स्थापना हुनु सुखद विषय भएको बताए । उक्त कार्यक्रममा जिल्ला आयुर्वेद कार्यालय रामेछापका प्रमुख डा. नरेन्द्र प्रसाद गिरीले जिल्लाबाट मात्र प्रवाह हुँदै आएको सेवा अब गाउँपालिकासम्म विस्तार भएको बताए ।सो अवसरमा भवन निर्माणका लागि एक रोपनी निःशुल्क जग्गा दान दिने जग्गादाता उदय वहादुर भण्डारीलाई मन्त्री ढुंगेलले सम्मान गरेका थिए ।

## रामेछापका ३५८ जनाले कोरोना विरुद्धको खोप लगाए

रामेछाप । रामेछापमा कोरोनाविरुद्धको खोप अभियान प्रारम्भ भएको चारदिनमा ३५८ जनाले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन् । जिल्लाका विभिन्न पालिकाको सरकारी तथा निजी स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयमसेविका, सफाइकर्मी, सुरक्षाकर्मी, शववाहन चालक र एम्बुलेन्स चालक गरी ३५८ जनालाई कोरोना विरुद्धको खोप लगाइएको स्वास्थ्य कार्यालय रामेछापका जनस्वास्थ्य अधिकृत भुवन थापाले जनाएको छ । उहाँका अनुसार खोप अभियान सुरु भएको पहिलो दिन बुधबार ३९ जना र दोस्रोदिन विहीबार ९० र तेस्रोदिन शुक्रबार १२० जना र चौंथोदिन शनिबार १२७ जनाले कोरोना विरुद्धको खोप लगाएका छन् । स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा पहिलो चरणको खोप प्रयोगका लागि ५५४ जना सरकारी सेवामा खटिएका स्वास्थ्यकर्मी, ७० जना निजि स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी ,७५२ जना महिला स्वास्थ्य स्वयमसेविका ,३५ जना एम्बुलेन्स चालक, ४५ जना सुरक्षाकर्मी र २१ जना सरफाइकर्मीलाई गरी जिल्लाभरका एक हजार ४७७ जनाको नामावली पठाएको छ । बागमती प्रदेश सरकारले रामेछापका लागि एक सय ५९ भाइल खोप पठाएको छ । एक भाइल खोपमा दश डोज हुने भएकाले पहिलो चरण अन्तर्गत जिल्लामा आएको खोपले १५ सय ९० जनालाई पुग्ने स्वास्थ्य कार्यालय रामेछापको भनाई छ ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सञ्चार रजिष्ट्रारको कार्यालय
बागमती प्रदेश, हेटौंडा

विषयगत पत्रकारिता लेखन तथा प्रसारण वृत्तिका लागि आवेदन आव्हानको सूचना

विषयगत पत्रकारिता लेखन तथा प्रशारण वृत्ति कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ बमोजिम लेखन तथा प्रसारण वृत्ति कार्यक्रममा बागमती प्रदेशमा क्रियाशिल इच्छुक नेपाली पत्रकारले व्यक्तिगत वा समूहगत रुपमा अनुसूची-१ बमोजिमको ढाँचामा विवरण खुलाई मिति २०७७ साल पौष २९ गतेको मितिले ३० (तिस) दिनभित्र कार्यालयमा वा कार्यालयको e-mail ठेगाना cro.p3.htp@gmail.com मा निवेदन दिनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

थप जानकारीको लागि कार्यालयको फोन नं. ०५७-५२०२५० वा ०१-५१९९७०७ मा सम्पर्क गर्न र विषयगत पत्रकारिता लेखन तथा प्रसारण वृत्ति कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ कार्यालयको वेब-साइट cro.moial.p3.gov.np मा प्राप्त गर्न सकिनेछ ।

सञ्चार रजिष्ट्रार

# समिति सभापतिहरुले गाडी अझै बुझाएनन्

काठमाडौं । गत पुस ५ गते प्रतिनिधिसभा विघटन भएसँगै प्रतिनिधिसभाअन्तर्गतका १० वटा विषयगत समिति पनि स्वतः विघटित भएका छन् । संसद विघटनसँगै प्रतिनिधिसभाका सांसद र विषयगत समितिका सभापतिको सुविधा पनि खोसिएको छ ।

तर, सचिवालयले उपलब्ध गराएको सवारीसाधन भने सभापतिहरुले अझै फिर्ता गरेका छैनन् ।

सरकारले प्रतिनिधिसभा विघटन गरेको ४२ दिन पुगेको छ । प्रतिनिधिसभा विघटनसँगै प्रतिनिधि सभाका सदस्य (सांसद) हरुको सांसदका हैसियतले सरकारले उपलब्ध गराउँदै आएका सेवा सुविधा पनि खोसिएका छन् । तर, प्रतिनिधिसभा अन्तर्गतका १० वटा विषयगत समितिका सभापतिमध्ये ९ जना सभापतिले अझै पनि सभापति भएवापत् सरकारले उपलब्ध गराएको सवारीसाधन प्रयोग गरिरहेका छन् ।

विघटित प्रतिनिधिसभाअन्तर्गतका समितिका सभापतिहरुमा उद्योग समितिको सभापति राष्ट्रिय जनता पार्टीले, लेखा समितिको सभापति नेपाली कांग्रेसले पाएको थियो । बाँकी आठवटा समितिका सभापति सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टीले लिएको थियो । पार्टीभित्रको आन्तरिक किचलोमा दुई समूहमा विभाजित भएका सत्तारुढ दलका कसैले पनि गाडी फिर्ता गरेका छैनन् ।

अर्थ समिति सभापति कृष्णप्रसाद दाहाल, अन्तर्राष्ट्रिय सम्बन्ध समिति सभापति पवित्रा निरौला खरेल, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता समितिका सभापति विमल श्रीवास्तव, कानुन न्याय तथा मानवअधिकार समिति सभापति कृष्णभक्त पोखरेल, कृषि सहकारी तथा प्राकृति स्रोत समिति सभापति पूर्णकुमारी सुवेदी, राज्य व्यवस्था तथा सुशासन समितिका सभापति शशि श्रेष्ठ, विकास तथा प्रविधि समिति सभापति कल्याणी खड्का, शिक्षा तथा स्वास्थ्य समिति सभापति जयपुरी घर्ती र सार्वजनिक लेखा समिति सभापति भरत शाहले संसद विघटनको ४२ दिन पुगिसक्दा पनि सुविधामा पाएको गाडी फिर्ता गरेका छैनन् । संघीय संसद् सचिवालयका प्रवक्ता रोजनाथ पाण्डेले ९ समितिका सभापतिहरुले अझै पनि गाडी सुविधा प्रयोग गरिरहेको जानकारी दिए ।

महिला तथा सामाजिक समितिका सभापति निरुदेवी पालले भने पुस १० गते नै गाडी फिर्ता गरेको सचिवालयका प्रवक्ता पाण्डेले बताए ।

प्रतिनिधिसभा विघटन भएपछि पनि सोही सभाअन्तर्गतका विषयगत समिति सभापतिको हैसियतले गाडी प्रयोग गर्ने पूर्वसभापतिहरु कोही सरकारविरुद्धको आन्दोलनमा समेत सक्रिय छन् ।

संघीय संसद् सचिवालयले सबै समितिको अलग(अलग सचिवालय सहित सभापतिहरुलाई छुट्टै निजी सचिवालयको सुविधा दिने गर्छ । समितिका सभापतिले राज्यमन्त्रीसरहको सुविधा प्राप्त गर्छन् । अहिले पूर्वसभापतिहरुले नियमित रुपमा सेवा सुविधा नपाए पनि गाडीको दुरुपयोग भने गरिरहेका छन् । दुईवटा चालक, स्वकीय सचिवलगायत पदाधिकारीले पाउने सम्पुर्ण सुविधाहरु पुस ५ गतेदेखि नै रोकिएको छ । गाडी फिर्ता नगर्ने पूर्वसभापतिहरुले चालक र तेलको खर्च भने आफैं बेहोरिरहेका छन् ।

प्रतिनिधिसभा विघटन भएकाले सांसद वा विषयगत समितिका सभापतिको हैसियतले सचिवालयले उपलब्ध गराएको सुविधा प्रयोग गरिरहेर पूर्वसभापतिहरुले दुरुपयोग गरेको सचिवालयका प्रवक्ता पाण्डेले बताए ।

## म्यानमारको 'कू' विश्वले निन्दा गर्नुपर्छ : नेपाली कांग्रेस

काठमाडौं । नेपाली कांग्रेसले म्यानमारको सेनाले 'कू' गर्दै सत्ता हत्याएको विषयलाई विश्वव्यापी रूपमा एकताबद्ध भई निन्दा गर्नुपर्ने बताएको छ । सोमबार बिहान म्यानमारको सेनाले नेसनल लिग फर डेमोक्रेसी (एनएलडी)की नेतृ आङ सान सु की र राष्ट्रपति विन मिन्टसहितका नेताहरुलाई गिरफ्तार गर्दै सत्ता नियन्त्रणमा लिएको छ । उक्त विषयमाथि आफ्नो प्रतिक्रिया दिँदै कांग्रेसले विश्वव्यापी रूपमा साझा ऐक्यबद्धताका साथ निन्दा गर्नुपर्ने बताएको हो । कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले म्यानमारमा सेनाले सत्ताकब्जा गरी एक वर्ष संकटकाल घोषणा गरेको विषयलाई विश्वव्यापी रूपमा निन्दा गर्नुपर्ने बताएका हुन् । प्रजातन्त्र निलम्बित भएको यस घटनालाई विश्वले साझा ऐक्यबद्धताका साथ प्रश्न उठाउनुपर्ने उनको भनाइ छ । कांग्रेसले

बाँकी ८ पृष्ठमा

नेपाल टेलिकम GSM सेवाको आकर्षक
DATA / VOICE प्याकेज खरिद गर्नको लागि
*1415#
डायल गर्नुहोस् ।
राष्ट्रको सञ्चार
नेपाल टेलिकम
www.ntc.net.np twitter.com/ndcl_nt facebook.com/NepalTelecom.NT instagram.com/nepaltelecomofficial

भविष्यको सुरक्षा, बालापनको रक्षा ।
बालबालिकाका लागि लगानी, समृद्ध नेपाल निर्माणको थालनी ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## अन्तराष्ट्रिय समाचार

### म्यानमारकी नेतृ सुकी सेनाद्वारा गिरफ्तार

म्यानमारकी प्रजातन्त्रवादी नेतृ आङ साङ सुकीलाई सेनाले हिरासतमा लिएको छ । यो जानकारी सुकीको पार्टी नेशनल लिग फर डेमोक्रेसीका प्रवक्ताले वक्तव्य जारी गर्दै जानकारी दिएका हुन् । केही दिनयता जारी सरकार र सेनाबीचको तनाव र सत्ता पलटको आशंकाका बीच सुकीलाई सेनाले हिरासतमा लिएको बीबीसीले जनाएको छ । गत नोभेम्बर महिनामा भएको निर्वाचनमा सुकीको पार्टी पार्टी भारी मतसहित विजयी भएको थियो । तर सेनाले चुनावी प्रक्रियामा धाँधली भएको आरोप लगाउँदै आएको छ । सेनाले सोमबार तय भएको संसद बैठक पनि स्थगित गर्न आह्वान गरेको छ ।

बीबीसीका अनुसार म्यानमारको राजधानीसहितका मुख्य मुख्य शहरमा सैनिकको तैनाथी बढाइएको छ । राजधानीमा टेलिफोन र इन्टरनेट सेवासमेत बन्द गरिएको छ । सुकीले विश्व प्रतिष्ठित नोबेल शान्ति पुरस्कार पनि पाएकी छन् । उनी २०७५ साल मंसिर १३ गते काठमाडौं आएकी थिइन् ।

### फ्रान्सले आह्वान गरेको वार्ता इरानद्वारा अस्वीकार

इरानले आणविक सम्झौताका विषयमा छलफल गर्न फ्रान्सले आह्वान गरेको वार्ता अस्वीकार गरेको छ । फ्रान्सेली राष्ट्रपति इम्यानुएल म्याक्रोंले साउदी अरेबियालाई समावेश गर्न वार्ता आह्वान गरेपछि इरानले वार्ता अस्वीकार गरेको हो । राष्ट्रपति म्याक्रोंले वार्तामा साउदी सहभागी हुनु पर्ने बताएपछि इरानले कुनै पनि नयाँ वार्ता वा छलफल अस्वीकार गर्ने जनाएको छ । इरानले आणविक सम्झौता संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्तावले गरेको बहुपक्षीय अन्तराष्ट्रिय सम्झौता भएकाले यसमा कुनै परिवर्तन नहुने जनाएको छ । सन् २०१८ मा ट्रम्प प्रशासनले उक्त सम्झौताबाट पछि हट्दै तेहेरानमाथि आर्थिक प्रतिबन्ध लगाएको थियो । इरानमाथि सम्झौता उल्लघंन गरेको आरोप लागेको छ । यद्यपी नयाँ अमेरिकी राष्ट्रपति जो बाइडन प्रशासनले सम्झौताका शर्तहरू पूर्ण पालना गरेमा प्रतिबन्ध फुकुवा गर्ने जनाएको छ । तर इरानले आणविक कार्यक्रमको गतिलाई उल्टाउने भन्दै अमेरिकी प्रस्ताव अस्वीकार गरेको छ । एजेन्सी

### प्रतिबन्ध लगाउने ईयूको निर्णयप्रति बेलायतको असन्तुष्टि

काठमाडौं । यूरोपियन यूनियनले कोरोनाविरुद्धको खोप निर्यातमा अस्थायी प्रतिबन्ध लगाउने निर्णयलाई बेलायतले असन्तुष्टि जनाएको छ । बेलायती मन्त्री माइकल गोभले बेलायतले खोप निर्यात प्रति आफु विश्वस्त रहेको भन्दै निर्धारित योजना अनुसार नै कार्यक्रमले निरन्तरता पाउने बताउनुभयो ।

उहांले फेब्रुअरी १५ सम्म १ करोड ५० लाख डोज खोप निर्यात गरिने पनि बताउनुभयो । यता बेलायती प्रधानमन्त्री बोरिस जोन्सनले यूरोपियन कमिशनका अध्यक्ष उर्सुला भोन डेर लेयेनसंग कुरा गर्दै खोप निर्यात नरोकिने र आफ्नो योजना अनुसार निर्यात गरिने जानकारी दिनुभयो ।

ईयूको प्रतिबन्धले बेलायत, अमेरिका, क्यानडा र अस्ट्रेलियासहित एक सय मुलुकहरू प्रभावित हुनेछन् । नयाँ नियम अनुसार खोप उत्पादकहरूले ईयू भन्दा बाहिर खोप वितरण गर्नका ऊसँग अनुमति लिनुपर्नेछ । ईयूकी स्वास्थ्य आयुक्त स्टेला किरियाकिअसले ईयूका सबै नागरिकको खोपमा पहुँच निश्चित गर्ने बताउनुभयो । एस्ट्राजेनेकासँग विवादमा उत्रिएको ईयूमाथि खोप वितरणको सुस्त गतिका कारण दबाब छ । यस्तै सम्झौता अनुरूप मार्चसम्म उपलब्ध गराउनुपर्ने खोप आपूर्ति गर्न नसकेको भन्दै ईयू फाइजरसँग पनि विवादमा छ । ईयू राष्ट्रहरूसँग गरेको सम्झौता अनुरूप काम नभए अन्य मुलुकमा निर्यातमा प्रतिबन्ध लगाउन सक्ने अधिकार ईयूसंग छ ।

### शिविरमा आत्मघाती बम आक्रमण, ८ सुरक्षाकर्मीको मृत्यु

अफगानिस्तानको पूर्वी भाग नान्गाहारस्थित सैन्य शिविरमा आत्मघाती बम आक्रमणमा कम्तीमा ८ जना सुरक्षाकर्मीको मृत्यु भएको छ । तालिवान लडाकू समूहले विस्फोटक पदार्थले भरिएको गाडी शिविरभित्र लगेर विस्फोट गराएका थिए । तालिबानी प्रवक्ता जबिहुल्लाह मुजाहिदले घटनाको जिम्मा लिएका छन् । सैन्य शिविरमा भएको आक्रमणको नान्गाहारका गभर्नरले विज्ञप्तिमार्फत पुष्टि गरेका छन् । यो प्रान्तमा यसअघि पनि तालिबान लडाकू समूहले सरकारी सेना लक्षित आक्रमण जारी राखेको छ । तालिवान र अफगान सरकारबीच युद्ध रोक्ने विषयमा गत वर्ष सेप्टेम्बरमा सुरु भएको शान्ति वार्ता अझै पनि निष्कर्षमा पुग्न सकेको छैन ।

### बेलायतमा कोरोना संक्रमितको संख्या बढ्दै

काठमाडौं । बेलायतमा पछिल्लो २४ घन्टामा २९ हजार ७९ जना नयाँ कोरोना संक्रमित थपिएका छन् । 'डिपार्टमेन्ट अफ हेल्थ एण्ड सोसल केयर' ले सार्वजनिक गरेको तथ्यांक अनुसार नयाँ संक्रमितसँगै बेलायतमा कोरोना संक्रमितको संख्या ३७ लाख ७२ हजार ८१३ पुगेको छ । बेलायतका अस्पतालमा भर्ना हुनेको संख्यामा केहि कमि आएको स्वास्थ्य विभागले जनाएको छ । हाल त्यहाँका अस्पतालमा झन्डै ३५ हजार संक्रमितको उपचार भइरहेको छ भने चार हजार जना कोरोना संक्रमित भेन्टिलेटरमा उपचार गराइरहेका छन् । बेलायतमा कोरोनाका भाइरस संक्रमणका कारण पछिल्लो २४ घण्टाभित्र थप १२४५ जनाको मृत्यु भएको त्यहाँको सरकारले जानकरी दिएको छ । यससँगै बेलायतमा कोरोनाका कारण मृत्यु हुनेको संख्या एक लाख चार हजार ३७१ पुगेको छ । स्वास्थ्य विभागको तथ्यांकअनुसार एकसाताभित्र बेलायतमा ७ हजार ७६६ जनाको मृत्यु भएको छ । यता बेलायतमा हालसम्म ७८ लाख भन्दा बढीले कोरोना विरुद्धको खोप लगाएका छन् । हालसम्म ७८ लाख ९१ हजार १८४ जनाले कोरोना विरुद्धको खोपको पहिलो डोज लिइसकेका छन् । जसमध्ये चार लाख ७८ हजार २५४ जनाले खोपको दोस्रो तथा अन्तिम डोज लिइसकेको स्वास्थ्य विभागले जनाएको छ । बेलायतमा हाल फाइजर(बायोएनटेक र अक्सफोर्ड एस्ट्राजेनेकाकाद्वारा विकसित कोरोना विरुद्धको दुईवटा खोपहरु वितरण भइरहेको छ । एजेन्सी

### श्रीमतीले छोडेको रिसमा १८ महिलाको हत्या

भर्खर विवाह भएकी श्रीमतीले छोडेर गएपछि एक व्यक्तिले १८ महिलाको हत्या गरेको खबर सार्वजनिक भएको छ । श्रीमतीले छोडेपछि सम्पूर्ण महिलाहरूसँग नै घृणा पैदा भएपछि ती व्यक्तिले १७ वर्षमा १८ महिलाको हत्या गरेको खुलासा भएको छ । भारतको हैदरावादस्थित जुबली हिल्समा एक महिलाको हत्याको अनुसन्धान गरिरहेको स्थानीय प्रहरीले सिरियल किलर र मुलुलाई पक्राउ गरेको हो ।

# विष्णुबहादुर कार्कीद्वारा लिखित दिव्यज्ञान पुस्तकको लोकार्पण

२०७७ साल माघ १५ गते हंसलोक जनकल्याण समिति रामकोट नागार्जुनमा सुसम्पन्न भएको थियो । उक्त कार्यक्रमको चाँजोपाँजो संस्थाका महासचिव प्रेमबहादुर मगरले मिलाउनु भएको थियो । संस्थाका अध्यक्ष रामबहादुर मानन्धरको सभापतित्वमा सुसम्पन्न कार्यक्रममा प्रमुख अतिथि लेखक एवं गौरी पब्लिकका अध्यक्ष दामोदर ढकाल दीपक हुनुहुन्थ्यो भने विशिष्ट अतिथि ज्योतिष कृष्ण रिसाल , रामहरि कार्की आदि रहनुभएको थियो । कार्यक्रममा स्वागत मन्तव्य संस्थाका महासचिव प्रेम मगरले गर्नु भएको थियो ।स्वागत मन्तव्यको क्रममा प्रेम बहादुर मगरले भन्नुभयो,“ विष्णुबहादुर कार्की अद्भुत क्षमता भएको व्यक्तितब हो । उहाँ जस्ता व्यक्तित्वको पुस्तक लोकार्पण गर्न पाउनु हाम्रो यश संस्थाको



अहोभाग्य हो । यसैगरी विशिष्ट अतिथि रामहरि कार्कीले उहाँको लेखन यात्रा अझ फराकिलो बन्दै जाओस भन्नुभयो । अर्का विशिष्ट अतिथि ज्यो. प. कृष्ण रिसालले उहाँको लेखनीको प्रशंसा हर कसैले गर्नेछन् , म स्वयं उहाँको भक्त रहेको बताउनु भएको थियो । पुस्तकका लेखक विष्णुबहादुर कार्कीले यो पुस्तक लेख्न अत्यन्तै मिहिनेत गरेको र पुस्तकले समाजमा सकारात्मक सन्देश प्रवाह गरोस भन्ने चाहना र उद्देश्य राखेको बताउनु भएको थियो ।प्रमुख अतिथि दामोदर ढकाल दीपकले “ उहाँको पुस्तक बहुउद्देश्यीय पुस्तक भएको र उक्त पुस्तकको अध्ययनले आदर्शवान समाज निर्माण हुने हुनाले हरेक दिन उहाँको पुस्तक सबैले अध्ययन गर्नुपर्ने बताउँदै पुस्तकको सातौं खण्डलाई यथासिघ्र अंग्रेजी भाषामा समेत प्रकाशित गरेर विश्वमा चिनाउनुपर्ने तर्क राख्नु भयो । संस्थाका अध्यक्ष रामबहादुर मानन्धरले पुस्तक लोकार्पण त्यसमाथि आध्यात्मिक ज्ञानको महत्वपूर्ण पुस्तक लोकार्पण गर्ने अवसर दिनुभएकोमा विष्णबहादुर कार्कीलाई धन्यवाद दिँदै कार्यक्रम समापन गर्नुभएको थियो । करिव १०० जनाको हाराहारीमा उपस्थित रहेको सभामा विष्णुबहादुर कार्कीको पुस्तक दिव्यज्ञानमाथि चर्चा परिचर्चा हुनुका साथै पुस्तकको समीक्षा सहित प्रमुख अतिथि दामोदर ढकाल दीपकले आफ्नो मन्तव्य राख्नु भएको थियो । कार्यक्रमको सुरू र अन्त्यमा समेत भजन कृतनको कार्यक्रम रहेको थियो । कार्यक्रमको सन्चालन मन कार्कीले गर्नुभएको थियो ।

## गजल

हुँदैन बिहान सुर्यले किरण छरेर नगए
हुँदैन वर्षा बादलको पानी परेर नगए ।

पारि छ घर नदि छ बिच जानेहो कसरी
वारि छ माझि डुङ्गामा पारि तरेर नगए ।

चुम्दैन फूल  पापी भमरा उडेर गैजान्छ
फुल्दैन फूल ओइलेका पात झरेर नगए ।

बैशालु मन फक्रेको यौवन हुन्छ है अधुरो
प्रितिका भाव मायाले नजर भरेर नगए ।

लाएको  गुन  भुल्दछ मान्छे  हुँदैन असर
यो बैरी संसार  बुझ्दैन  कैले  मरेर नगए ।



अनुराधा शर्मा,
काठमाडौं

## गीत



**दुर्गा रान मगर, सिन्धुली**

हामी सवै नेपाली, मिलौन यसपाली
देश बिकास गराउन
गरिबी कंलक लागेछ
देशलाई समृद्ध गराउन २

पहिलो हाम्रो मन खोलौं, त्यसपछि मुट्ठी खोलौ
हातमा हात मिलाई सवैले प्रेमिलो बोलि बोलौ २

हिमाल–पाहाड–तराई हामी सवै मिलेर बसौन
एकतामा ठुलो बल  हुन्छ लौ कम्मर कसौन
औधोगिक क्षेत्र ठप्प छ देशमा पहिले त्यसलाई खोलौ
काम पाउन जनताले, बिदेश नजाउन स्वदेशमै सम्मान पाउन

पैसाहोस हातमा परिवारको साथ खुसी र आनन्द अनि
प्रगति उन्नति देखाउदै देशमा आवास स्वाधिन पनि २

हामी सवै नेपाली, मिलौन यसपाली
देश बिकास गराउन
गरिबी कंलक लागेछ
देशलाई समृद्ध गराउन २

कविता

## सडक निर्माण



चन्द्र प्रसाद घिमिरे
गर्जाङ्ग, १-
गोकुलगंगा,रामेछाप

यहा यस्तै यस्तै हुन्छ
गाउ र माउ सरकारले,सही बजेट बाड्ने ।
उपभोक्तामा काम गर्न,जिम्मा सबै छाड्ने ॥
समितिले गर्ने हो काम,मनोमानी हुन्छ ।
प्राविधिकसाग कुरा मिल्छ यहा,यस्तै यस्तै हुन्छ ॥
॥ १॥
असारमा विनियोजन हुन्छ,बजेट साधै यहा ।
उपभोक्ता समिति नि बन्छ,कार्तिक बीच महा ॥
हिउादभरी चुपचाप सबै,खोइ कुन्नि के हुन्छ ।
जेठ तिर पो काम शुरू यहा,यस्तै यस्तै हुन्छ ॥
॥ २॥
नया सडक आइ सर्वे यहा,समितिले गर्छन् ।
मर्मत गर्ने त्यहीं हो जहा,सस्तो सामान झर्छन् ॥
आवश्यकता कहा के हो त्यो,पर राख्दा हुन्छ ।
इस्टिमेट त काम पछि पो यहा,यस्तै यस्तै हुन्छ ॥
॥ ३॥
कसले मुख खोल्छन् र यहा,सञ्जाल त्यस्तै हुन्छ ।
प्राविधिकले चट्ट कागज,भन्नुस कसले छुन्छ ॥
सिफारिस त तुरुन्तै हो नत्र,पछि चुनाव रुन्छ ।
सडक विकास यस्तो हाम्रो यहा,यस्तै यस्तै हुन्छ ॥

## मुक्तक



**दामोदर ढकाल**

मुक्तक लेख्न खोज्छु हजुर मिल्दैन तुक पनि
वाचन गरौं मुख सुकेर आउँदैन त थुक पनि
साहित्यमा अचार जस्तै खट्टो पिरो रैछ मुक्तक
शब्द मेरा खल्लो अचार छैन पिरो चुक पनि ।

दुई खोला थुनियो र मज्जाको ताल बन्यो
चारवर्षमा ताल फुट्यो प्रकृति बेहाल बन्यो
खोलाहरू शक्ति देखाउँदै बेग्लै बग्न थाले
गोही कुनै कष्टमा, कुनैलाई मालामाल बन्यो ।

सबैजना आउनैपर्छ मेरै कित्तामा
नत्रभने धकेलेर पुग्छौ भित्तामा
थाहै होला जागे भने कस्तो बन्छु म
कतिलाई त पुर्याकै थैं मैले चित्तामा ।

पैताला चिलाइराछ आन्दोलनमा जान्छु कमरेड
टाउको नि चिलाइराछ लट्ठी पनि खान्छु कमरेड
सँगै जित्या हो, हामी मात्र वेरोजगार बन्नपर्छ भने
उसको जागिर नगइकन कहाँ म मान्छु कमरेड ?

बस्तुभाउलाई दिनलाई किसान चोकर बनाउँदैछ
सहनशील श्रीमतीलाई श्रीमान नोकर बनाउँदैछ
सारा नेपालीको  मुहारमा खुसी ल्याउछु भन्दै गर्दा
प्रधानमन्त्रीलाई आफ्नै मित्रले जोकर बनाउँदैछ ।

टिकट दिएँ, भोट माग्दिएँ, मलाई मान्यो केटाले
मन्त्री बनाएँ, मन्त्रालय चलाउन जान्यो केटाले
राजनीति केवल  षड्यन्त्रको खेल भन्ने बुझेछ
आखिर मलाई नै  पुक्क लात्ताले हान्यो केटाले ।

अभागी यो  खप्परले पीरको भारी बोक्छ हजुर
 निदाउदिन बिछ्यौनामा उडुसले टोक्छ हजुर
मजुदुर र किसानको राज्य ल्याउँछु भन्दै यो देशमा
एक नेता सधैंभरि ख्याक ख्याक गरि खोक्छ हजुर ।

लुगलुग कामे जाडो भयो मैले के गरौ
चिसो शरीर जम्न गयो मैले के गरौ
दुई, रूई र फुई केही त छैन माघमा
जोड्ने कथा अधुरै रह्यो मैले के गरौ  ।

खाना पाइन्छ भनेर आन्दोलनमा आउनेलाई सलाम
ठूलो संख्या गनेर आन्दोलनमा आउनेलाई सलाम
राजनीति हो पदका लागि लडिरहन्छन् नेताहरू सधैं
हनुमान झैं  बनेर आन्दोलनमा आउनेलाई सलाम ।

अझ थप्न मनलाग्यो
समाजवाद ल्याउँछौ भनेर नीजी विद्यालय र नीजि अस्पताल
खोल्ने कमरेडहरूलाई झनै सलाम ।

थाहा छ पानी हालेपछि आगो धुवाँउछ
माया टाढा भएपछि झनै याद आउँछ
जब श्वासप्रश्वास रोकिन्छ नि  शरीरमा
नाम फेरिन्छ र लासको उपमा पाउँछ ।

नेपाल आयल निगम लिमिटेडको

खाना पकाउने एल.पी.ग्यास प्रयोगकर्ताहरुलाई

सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पदार्थ भएकोले यसको प्रयोगमा पर्याप्त सतर्कता र सावधानी अपनाउन जरूरी हुन्छ । यसैले खाना पकाउने ग्याँसको चुहावटबाट हुने  दुर्घटनाबाट बच्न देहायका कुराहरूमा ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्त वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरूः

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऊँ भान्छामा सिलिण्डर सधै ठाडो राखी प्रयोग गारैं, सुताएर र घोप्टाएर प्रयोग नगरौं ।

२. रेगुलेटर, रबर पाइप, चुल्होजस्ता उपकरणहरू गुणस्तर प्रमाणित भएको मात्र प्रयोग गरौं । साथै हरेक २ वर्षमा ग्यासको पाइप फेरौं ।

३. खाना पकाउँदा सधै झ्याल ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

४. काम सकिएपछि सधै रेगुलेटर बन्द गरौं ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरूः

५. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिर्खा गन्ध आइरहेको छ  भने ग्याँस लिंक भइरहेको छ भन्ने बुझ्नु पर्दछ ग्याँस लिंक भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव (knob )बन्द  गरौं ।

६. ग्याँस हावाभन्दा गह्रौं हुने भएकोले भूईमा बस्छ । यस्तो अवस्थामा ढोका र सबै झ्याल खुला गरौं र आगोको झिल्का निस्कने पदार्थ जस्तै ग्याँस चुल्हो, सलाई, लाइटर। धुप आदि नबालौं र बिजुली बत्तीलगायत कुनै पनि विद्युतीय उपकरण नचलाऔं ।

७. ग्याँस लिंक भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्भमा सेफ्टी क्याप लगाएर घर बाहिर खुल्ला ठाउँमा राखौं र छिटोभन्दा छिटो नजिकको ग्याँस बिक्रेता वा सम्बन्धित ग्याँस उद्योगीलाई

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।

## गजल

पैसा कमाउने जोसमा पैसैपैसाको शहर गएका छन्
हिजो आजका कलिला जवानीको र हर गएका छन् ।

तन बेचेर आफ्नो बाल बच्चा पाल्नेलाइ बेश्या नभन्नु
के भन्नू र ?घर बेचेर उतैतिर बूढो र बहर गएका छन् ।

मान्छेले जब आफैले आफैलाइ घृणा गर्न जान्दैन भने
घृणित ब्यक्तित्वको पलङमा किन अधर गएका छन ?

सभ्यता र संस्कारको खोल ओढ्ने ए इज्जतदार हरू
सांझमा चोक  गल्लिमा किन तिम्रा नजर गएका छन ?

तिमी त मान्छे हौ तर मानव अझ्झै बन्न सकेका छैनौ
कहाँ देख्या छौ र यार नदी भेट्न सागर गएका छन् ।

शब्दः जय कुमार पौडेल
हेटौंडाः ८ कमाने

## सिटी एक्सप्रेस मनी ट्रान्सफरको सेवा अब ओमानबाट

सिटी एक्सप्रेस मनी ट्रान्सफरले आफ्नो सन्जाल बिस्तार गर्दै गर्दा अब ओमान बाट पनि आफ्नो  सेवा सुचारु गर्ने भएको छ । ओमानको ख्यातिप्राप्त Modern Exchange Co LLC  र सिटी एक्सप्रेस मनी ट्रान्सफर बिच रेमिटान्स कारोबार सुरु भएको छ। ओमानमा रहनुभएका नेपालीहरुले Modern Exchange Co LLC को सेवा प्रयोग गरी सिटी एक्सप्रेस मार्फत सजिलै आफ्नो आफन्तलाई नेपालमा पैसा पठाउन सक्नु हुनेछ र नेपालमा सिटी एक्सप्रेससंग आबद्ध १०,००० भन्दा बढि एजेन्टहरुबाट सजिलै भुक्तानी लिन सकिने , नेपालको  जुन सुकै बैंकको खातामा रकम जम्मा गर्न र मोबाइल वालेटमा लोड गर्न सकिने छ। सम्झौतामा सिटी एक्सप्रेसको तर्फबाट सिटी एक्सप्रेस मनी ट्रान्सफरका प्रबन्ध निर्देशक चन्द्र टण्डन र Modern Exchange Co LLC को तर्फबाट प्रबन्ध निर्देशक Mr. Hormuzda B Davar ले हस्ताक्षर गर्नु भएको छ । सिटी एक्सप्रेसले रेमिटान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १४ वर्ष देखि संसार भरबाट  विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ। आन्तरिक विप्रेषण अन्तर्गत सिटी एक्सप्रेसका देशभर छरिएर रहेका १०,००० भन्दा बढि भुक्तानी केन्द्रहरु मार्फत छिटो, सहज र सुरक्षित तरिकाले भुक्तानी प्रदान गर्ने, कुनै पनि बैंकको खातामा रकम जम्मा गर्ने र मोबाईल वालेटमा लोड गर्न सकिने जस्ता सुविधाहरु प्रदान गर्दै आइरहेको छ ।

## नेपालमा.........

नाममा भएको तोडफोड, आगजनी, भौतिक संरचनाको क्षति र मानवीय संवेदनशीलताको समेत ख्याल नगरी देशको अर्थतन्त्र ध्यस्त बनाउने गरी गरिएका आन्दोलनले दक्षिण एसियाका राष्ट्रहरुमध्ये धनीमा तेस्रो स्थानमा रहेको नेपाल यि द्वान्द्वहरुपछि आज सातौ स्थानमा पछडी धकेलिएको छ। भएका उधोग कलकारखानाहरु बन्द गरिएका छन्। मिलेर बसेका नेपालीहरुलाई जात पात धर्मको नाममा एकले अर्कालाई छिछि र दुर दुर गर्ने बातावरण सृर्जना गरेका छन्। राष्ट्रिय एकतामा खलल पुऱ्याएका छन्।

कृषि प्रधान देश भनेर कक्षाकोठामा रटाई रटाई पढाउने तर भान्छामा दैनिक रुपमा नभई नहुने तरकारी, खाधन्न अन्तै देशवाट आयात गरेर खानुपर्ने बाध्यता भईरहेको छ। हरेक कुरामा परनिर्भर बनाउने काम राजनीतिक पार्टीहरुले र त्यसको नेतृत्व गर्ने पार्टीका नेताहरुले देश र जनताको पक्षमा भन्दा अरुनै उदेश्यवाट प्रेरित भई देशमा राजनीतिक गतिरोध उत्पन्न गरेको र राजनीतिक अस्थिरताका कारण यो अवस्था सृर्जना गरेको जनताले लगाएको आरोपको पुष्टि गर्ने आधार पत्यारिलो देखिन्छ।

त्यसकारण त्यो बिगत भोगेका, देखेका जनताले नेपालमा हुने कुनैपनि राजनीति पार्टीहरुलाई बिश्वास गर्ने आधार देखेका छैनन्। तर तिनै असफल भईसकेका नेताहरुले बलजफ्ती गरिरहेको देशमा अस्थिरताको साक्षी बनिदिनुपर्ने भन्दै निरासा ब्याक्त गरिरहेका भेटिन्छन्।

जनताले बल्ल बल्ल देशमा केही मात्रमा भएपनि शान्तिसँग काम गर्ने बातावरण आफ्नो सीपलाई आफ्नै देशमा प्रयोग गरेर खान पाउने अधिकार प्रयोग गर्न पलाएको उत्साह पुनः द्वान्द्व, त्रास, राजनीतिक जिन्दावाद र मुर्दावादको नारा लगाउदै दिनहु जसो गरिने हडताल, बन्दहुने भय र अवरोधले बिरामी उपचारको लागि यातायात नपाउदा बाटोमा मृत्यु ब्यहोर्नुपर्ने, काम गरिखाने मजदुर एकठाउवाट अर्कोठाउमा काम गर्न जान नपाउदा चुलो नबल्ने तर सधै पार्टीको झण्डा बोकेर आफैले कमाई गरेर एउटा साईकल किन्न सक्ने हैशियत राख्न नसक्नेहरुले अर्काको सडकमा गुडिरहेका लाखौका सम्पतिलाई क्षति पुऱ्याउने अराजक भिडलाई भने रमाइलो लागिरहने ति अराजक गतिविधि गर्ने समुहहरुलाई राजनीतिक संक्षण भईरहने पुरानो परिपाटीले नेपाली जनतामा राजनीतिप्रति नै बितृष्णा पैदा गरेको छ।

### युवाहरुद्वारा बिकल्पको खोजि

नेपालका देशभित्र रहेका र बिदेश गएका युवाहरुले बिकल्प खोजिरहेका छन्। तर ति असफल भईसकेका पुराना पार्टी र ब्यात्तिवाट होईन। अराजक तरिकाले पनि होईन। जो आफ्नो जन्मभुमि नेपालमा दिर्धकालीन योजना भएको रचनात्मक तरिकाले तर्कसँगत ढंङवाट बैकल्पीक शक्ति जसले नेपालको हरेका क्षेत्रमा पत्यारिलो परिवर्तन गरेर सवै नपालीलाई नेपालमा नै रोजगार सृर्जना गर्न सकोस्।

यो नेपालका देशभक्त युवाहरुको आवाजलाई बुझेर माथि असफल भएका उल्लेखित पार्टीका नेताहरुले नैतिकताको आधारमा राजिनाम दिएर मार्ग खोलिदिनुपर्छ। जसरी प्रधानमन्त्री ओलिले अवको नेतृत्व तेस्रो पुस्तामा हस्तान्तरण गर्ने बताईसकेका छन्।

त्यसैले असफल भईसकेकाहरुको असफल नै हुने अभियान सदाका लागि बन्द गर्नु नेपाल देशको हितमा छ।

## कक्षा......

मूल्यांकनबाट जोडेर नतिजा प्रकाशित गरिएको छ। कोरोना भाइरस संक्रमणका कारण गत वैशाखमा हुन नसकेको कक्षा १२ को परीक्षा ९ मंसिरबाट सुरु भएको थियो। परीक्षामा देशभरबाट चार लाख ३२ हजार परीक्षार्थी सहभागी भएका थिए।

## म्यानमारका....

म्यानमारको उक्त घटनाप्रति विरोध प्रकट गरेको प्रवक्ता शर्माले बताए। गएको नोभेम्बरमा भएको चुनावमा आङ सान सु कीको पार्टी नेसनल लिग फर डेमोक्रेसी (एनएलडी)ले बहमुत प्राप्त गरेको भए पनि चुनावमा धाँधली भएको भन्दै सेना र सरकारबीच टकराव बढेको थियो। यसै टकरावका बीच सेनाले सत्ता आफ्नो हातमा लिएको हो।

प्रवक्ता शर्माले चुनावमा प्रश्न उठे त्यसलाई निश्चित विधि र प्रक्रियाले निरूपण गरी संवैधानिक र राजनीतिक प्रक्रियाद्वारा हल गर्न सकिने विषय भएको बताए। सेनाले हस्तक्षेप गरी लोकतन्त्र निलम्बन गर्ने कुरा र लोकतान्त्रिक प्रक्रियाबाट आएको नेतृत्वलाई विस्थापित गर्ने कुरा स्वीकार्य हुन नसक्ने उनको भनाइ छ।

प्रवक्ता शर्माले म्यानमारको घटनामा नेपाली कांग्रेसको प्रष्ट विमति रहेको बताए। कांग्रेसले सबैखाले प्रतिगमनको विरोध गर्ने उनको भनाइ छ।

## ठगी........

बिशेष सूचनाको आधारमा महानगरीय अपराध महाशाखाबाट खटिएको प्रहरीले धावा लामा र राज कुमार घिसिङलाई सुनौलो कछुवा सहित पक्राउ गरेको थियो। पक्राउ परेका उनीहरुलाई बिना कारवाही सजाय र थुना मुक्त गराई दिन्छौ भनेर बिश्रुवास दिलाई ग्याल्छेन र बीर बहादुरले नगद २ लाख १० हजार रुपैयाँ ठगी गरी सम्पर्क बिहिन भएको भन्ने सूचनाको आधारमा महानगरीय प्रहरी वृत्त जगाती भक्तपुरबाट खटिएको प्रहरीले बीर बहादुरलाई शुक्रबार र ग्याल्छेनलाई शनिबार पक्राउ गरेको हो। पक्राउ ग्याल्छेन र बीर बहादुर उपर जिल्ला अदालत भक्तपुरबाट ठगी कसूरमा ५ दिन म्याद थप गरी अनसुन्धान भइरहेको महानगरीय प्रहरी परिसर भक्तपुरले जनाएको छ।

## पूर्वराजा........

गत वर्ष मात्रै सगरमाथा हिमाल सहित आठ हजार मिटर अग्ला विश्वका चौध वटा हिमाल छ महिना छ दिनको समय लगाएर आरोहण गर्दै विश्व किर्तिमान बनाएका नेपाली आरोही निर्मल पूर्जा सहितको टोलीले हालसम्म कोही नपुगेको विश्व कै दोस्रो अग्लो के टू हिमालको सफल आरोहण गरेका छन्। सर्वाधिक चीसो मौसममा पनि साहसका साथ गरेको त्यो आरोहणमा म हार्दिक बधाइ एवं सम्मानभाव प्रकट गर्दछु। त्यस्तो प्रयत्नबाट विश्वमै नेपाल र नेपालीको प्रतिष्ठामा वृद्धि भएको सुखद अनुभूति मैले गरेको छु।

## ठगी गर्ने विश्वकर्मा पक्राउ

कास्की। क्यानडा पठाईदिन्छु भनी ठगी गरेको अभियोगमा कास्की पोखरा महानगरपालिका ३० शिसुवा बस्ने पर्वत मोदी गाउँपालिका ७ स्थायी घर भएका ३८ वर्षीय धिरज कुमार बिश्वकर्मालाई प्रहरीले पक्राउ गरेको छ। बिश्वकर्माले आफू विगत लामो समयदेखि विदेश बसेको र युरोप, क्यानडा, अमेरिका लगायतका देशहरुमा धेरै मानिसहरु रोजगारको लागि पठाई सकेको भन्ने बिश्वास दिलाई कास्की, स्याङ्जा, तनहुँ, म्याग्दी लगायत जिल्लाका ३३ जना व्यक्तिहरुलाई क्यानडा पठाईदिन्छु भनि उनीहरुबाट रकम समेत लिएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरीले बिश्वकर्मालाई पोखरा महानगर पालिका १० रामबजारबाट पक्राउ गरेको हो। बिश्वकर्माले हालसम्म ३३ जना व्यक्तिहरुबाट नगद ९० लाख ७१ हजार ५ सय रुपैयाँ लिएको र उनीहरूलाई बिश्वासमा पार्न बिभिन्न सहकारी संस्था र बिकास बैंकहरुको चेक समेत दिएको अनुसन्धानबाट खुल्न आएको हो।

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा)
ज्ञानेश्वर, काठमाडौं

विद्यालय भवन पुनर्निर्माण सम्बन्धी सरोकारवालाहरुलाई अनुरोध

- विद्यालय भवन पुनर्निर्माण गर्दा अनिवार्य रुपमा नेपाल राष्ट्रिय भवन संहिता, २०६० (Nepal National Building Code, 2003) को पूर्ण पालना गरौं।
- भूकम्प प्रतिरोधी, बालमैत्री, वातावरण मैत्री, अपाङ्ग मैत्री एवम् छात्रा मैत्री विद्यालय निर्माण गरौं।
- प्राकृतिक प्रकोपका कारण भविष्यमा हुनसक्ने जनधनको ठूलो क्षति न्यूनिकरणमा गुणस्तरीय निर्माण कार्य गर्न बेलैमा सजग बनौं।
- विद्यालय भवन निर्माण गर्दा स्वीकृत प्राप्त डिजाइन प्रयोग गरौं। यदी नयाँ डिजाइनको विद्यालय भवन निर्माण गर्नुपर्ने भएमा सम्बन्धित शहर विकास तथा भवन निर्माण विभाग/डिभिजन कार्यालयको अन्तिम स्वीकृति लिएर मात्र निर्माण शुरु गरौं।
- विद्यालय भवन निर्माण गर्दा यस इकाई अन्तर्गत कार्यरत प्राविधिक (इन्जिनियर/सब-इन्जिनियर) हरुको नियमित सुपरिवेक्षणमा गुणस्तरीय निर्माणका लागि आवश्यक समन्वय गरी गर्ने गराउने गरौं।
- निर्माण कार्य सम्पन्न भएपश्चात प्राविधिकबाट तोकिएको डिजाइन/ड्रइङ अनुसार निर्माण कार्य भए नभएको निरीक्षण गरी/गराई तोकिएको गुणस्तर सुनिश्चित भए पश्चात विद्यालय हस्तान्तरण गर्ने/गराउने गरौं।

–आयोजना प्रमुख




जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पो.व. नं.१६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस